म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २७ मंगलबार, १० भदौ २०८२ ने. सं. ११४५ गुँल्लागा 26 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**साक्षर समाज-सक्षम राष्ट्र**

शिक्षा:
- आत्मनिर्भर जीवनको लागि,
- रोजगारी र अवसरको लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि.
- आर्थिक सशक्तिकरणका लागि ।

त्यसैले शिक्षित बनौं, प्रगतिको पथमा लम्किऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

'बानियाँ निर्माण सेवाबाट अलग भएको ३ वर्ष भयो'

# १० लाख माथिका योजना उपभोक्ता समितिबाट हुँदैन: मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, ९ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बहादुर बानियाँले निर्माण व्यवसायीलाई कामको खाँचो नहुने बताएका छन् ।

निर्माण व्यवसायी संघ मकवानपुरले सोमबार प्रदेशका मुख्यमन्त्री सहित मन्त्रीहरुको स्वागतमा आयोजना गरेको कार्यक्रममा उनले १० लाख रुपैयाँ भन्दा माथिका योजनाहरु टेण्डर प्रक्रियामार्फत गर्ने नीति संसद्बाट पास भइसकेको बताएका हुन् । खानेपानी मन्त्रालयले आफ्ना योजना सम्पन्न गर्न केही दिनमै टेण्डर आह्वान गर्ने भएकोले तयारी भएर बस्न उनले निर्माण व्यवसायीलाई आग्रह गरे । मुख्यमन्त्री बानियाँले विगतमा उपभोक्ता समितिमार्फत् काम हुँदा धेरै समस्या सिर्जना भएको बताए । प्रदेश सरकार सुशासन र भ्रष्टचार मुक्त बागमती प्रदेश बनाउने अभियानमा रहेको भन्दै उनले अबदेखि १० लाख भन्दा माथि कुनै पनि योजना उपभोक्ता समितिबाट नहुने उल्लेख गरे ।




निर्माण व्यवसायीहरु 'लो बिडिङ'को बाध्यताले कंगाल बन्न लागेको मुख्यमन्त्री बानियाँले बताए । यो विषयलाई रोक्न सरकारले सार्वजनिक खरिद ऐन संशोधन गर्नुपर्ने उनको भनाइ छ । 'उपभोक्ता समितिको काममा समस्या देखियो । त्यसैले अब प्रदेशको १० लाखभन्दा माथिका सबै काम टेन्डरबाटै हुन्छ,' उनले भने, 'सोहीअनुसार मन्त्रालयलाई टेन्डरको तयारी गर्न निर्देशन दिइएको छ ।' मुख्यमन्त्री बानियाँले निर्माण व्यवसायीहरु अहिले बाँच्नकै लागि ६०/७० प्रतिशतसम्म घटेर ठेक्का हाल्नुपर्ने अवस्था रहेको भन्दै मोविलाइजेसन लिएर बैंकको ऋण तिर्नुपर्ने बाध्यता रहेको दाबी गरे । 'यो समस्या समाधान गर्न 'एभरेज बिडिङ'को अवधारणा ल्याउने प्रक्रियामा सरकार अग्रसर हुनुपर्छ,' उनले भने, 'चाँडै ऐन संशोधन गरेर सरकारले यो समस्या हल गर्नुपर्छ ।'

मुख्यमन्त्री बानियाँले आफू निर्माण व्यवसायबाट ३ वर्षदेखि अलग भएको बताए । राज्य सञ्चालनको क्रममा व्यक्तिगत स्वार्थ बाझिने भएकोले आफू बानियाँ निर्माण सेवाबाट अलग भएको उनले स्पष्ट पारे । मुख्यमन्त्री बानियाँले निष्पक्ष ढंगले निर्माण व्यवसायीलाई सहयोग गर्ने बताए । निर्माण व्यवसायी राष्ट्र निर्माणको मेरुदण्ड भएको उनको भनाई छ । निर्माण व्यवसायीको समस्यालाई समाधान गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको उनले बताए । 'वार्षिक तीन अर्बभन्दा बढीको कारोबार गर्ने कम्पनी मैले स्वार्थ नबाझियोस् भनेर छाडेको छु । अब म स्वतन्त्ररुपमा आमनागरिकको समस्या समाधानमा लाग्नेछु । मैले सुशासनयुक्त प्रदेश निर्माणको अभियान थालेको छु । निर्माण व्यवसायीले पनि त्यसमा सहयोग गर्नुपर्छ,' उनले भने, 'व्यवसायीको काममा ढिलाइ हुँदैन तर, पारदर्शिता र गुणस्तरमा सम्झौता हुनेछैन ।'

कामको गुणस्तरमा कुनै सम्झौता नगर्न व्यवसायीलाई आग्रह गर्दै उनले प्राविधिक परीक्षणले सबै कुरा पत्ता लगाउने भएकाले अनुमान भन्दा कम सामग्री प्रयोग गर्ने प्रथा अब सह्य नहुने चेतावनी दिए । मुख्यमन्त्री बानियाँले असहज परिस्थितिमा आफ्नै पार्टीभित्र सकस गरेर अहिलेको सरकार बनेको बताए । आफ्नो नेतृत्वको सरकार जनताप्रति जिम्मेवार भएको उनले दाबी गरे । मुख्यमन्त्री बानियाँले मागेर र ठगेर खानेलाई छुट नदिने दाबी गरे । उनले सार्वजनिक खरिद ऐन संशोधनको प्रक्रियामा रहेको बताए ।

कार्यक्रममा कृषि तथा पशुपंक्षी विकास मन्त्री मधुसुदन पौडेलले पेशागत मर्यादा कायम राखेर निर्माण व्यवसायीले काम गर्नुपर्ने बताए । समाज र देश निर्माणमा निर्माण व्यवसायीको ठुलो भूमिका रहेको उनको भनाई छ । 'पेशागत मर्यादालाई ख्याल राखेर व्यवसाय गर्ने हो भने, निर्माण व्यवसाय जत्तिको सफल अरु छैन' उनले बताए, 'तपाईहरु नभए देश, समाज नै बन्दैन तर, पेशागत मर्यादाभित्र भने रहनुपर्छ ।' कामको सिलसिलामा कसैले दु:ख दिए सीधै मुख्यमन्त्री र मन्त्रीसँग समन्वय गर्न उनले आग्रह गरे । मन्त्री पौडेलले भने, 'तपाईहरुलाई कसले दु:ख दियो, हामीलाई भन्न आउनुस्, हामी तत्काल एक्शनमा जान्छौं ।' निर्माण व्यवसायीले पनि तोकिएकै समयमा गुणस्तरीय काम गर्नुपर्नेमा उनले जोड दिए ।

उनले अहिलेको मन्त्री परिषद्लाई सफल बनाउने जिम्मा निर्माण व्यवसायीकै भएको बताए । 'इन्द्रबहादुर बानियाँको मन्त्रीमण्डललाई सफल बनाउने कि नबनाउने तपाईंहरुको जिम्मा हो' उनले बताए । मन्त्री पौडेलले वर्तमान सरकार समाजको सबै वर्गको सरकार भएकोले सडकमा बसेर कराउन नपर्ने जिकिर गरे । निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कँडेलको सभाध्यक्षतामा भएको कार्यक्रममा खानेपानी, उर्जा तथा सिचाई मन्त्री कृष्णकुमार तामाङ, सहकारी तथा गरिबी निवारण मन्त्री विनु रायमाझी पौडेल लगायतको आतिथ्यता रहेको थियो ।

# पत्रकार महासंघले गर्‍यो आन्दोलनको घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, ९ भदौ/नेपाल पत्रकार महासंघले अनलाइन सञ्चार माध्यमको दर्ता र नवीकरण तत्काल खुला गर्न माग गर्दै आन्दोलनको घोषणा गरेको छ ।

सोमबार बसेको महासंघको डिजिटल मिडिया विभागको बैठकले सरकारले करिब एक महिनादेखि अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरणको काम ठप्प पारेको भन्दै तत्काल सुचारु गर्न माग गरेको हो । विभागका संयोजक प्रकाश धौलाकोटीका अनुसार बैठकले अनलाइन सञ्चार माध्यमको दर्ता र नवीकरणको काम तत्काल सुरु गर्न माग गर्दै २०८२ भदौ ११ गते सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई ज्ञापनपत्र बुझाउने निर्णय गरेको छ । भदौ १३ गतेदेखि भने कालो व्यानर राखेर सूचना तथा प्रशारण विभागमा धर्ना दिने निर्णय गरेको छ ।




सरकारले छापाखाना तथा प्रकाशनसम्बन्धी ऐनमा संशोधन पछि गएको साउन २० गतेदेखि अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरणको काम रोकिएको छ । सरकारले सञ्चारमाध्यम दर्ता ठप्प पारेर नागरिकको संवैधानिक हक हनन् गरेको महासंघको भनाइ छ । अनलाइन सञ्चारमाध्यम नवीकरण नहुँदा पत्रकारले प्रेस प्रतिनिधि प्रमाणपत्र समेत नवीकरण गर्न पाएका छैनन् । नवीकरण नभएकै कारण चाडपर्वको मुखमा विज्ञापनसम्बन्धी कारोबारमा असहजता सिर्जना भएको छ ।

बैठकमा महासंघकी अध्यक्ष निर्मला शर्माले अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरण तत्काल सुरु हुनुपर्ने माग गरिन् । उपाध्यक्ष उम्मिदप्रसाद बागचन्दले सरकारले एकपछि अर्को कानुन बनाएर नागरिकको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा नियन्त्रण गर्ने प्रयास गरिरहेको बताए । महासचिव रामप्रसाद दाहालले अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरण रोकेर सरकारले असंवैधानिक कार्य गरेको बताए । सरकारको यस्तो हर्कतले नागरिकको संवैधानिक हक अवरुद्ध भएको उनको भनाइ छ । सरकारले तत्काल दर्ता र नवीकरणको काम सुचारु नगरे महासंघले आन्दोलन चर्काउने उनले बताए ।

# बागमतीमा ९६ हजार गाईभैंसीमा लम्पी स्किन रोगविरुद्ध खोप लगाइयो

साझाकुरा संवाददाता

हेटौंडा, ९ भदौ/लम्पी स्किन रोगविरुद्धको सप्ताहव्यापी खोप अभियानमा बागमती प्रदेशमा ९६ हजार गाईभैंसीमा खोप लगाइएको छ ।

प्रदेशका १३ जिल्लामा भदौ १ बाट सुरु अभियानमा ९६ हजार ३ सय ४७ गाईभैंसीमा खोप लगाइएको हो । प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले १ लाख २० हजार गाईभैंसीमा खोप लगाउने लक्ष्य लिएको थियो । यो अभियानमा लक्ष्यको ८० दशमलव २९ प्रतिशत मात्रै पूरा भएको छ । प्रदेशका १३ जिल्लामध्ये सबैभन्दा धेरै मकवानपुरमा खोप लगाइएको छ । २४ हजार ६ सय ९५ डोज मकवानपुरमा खोप लगाएको पशुसेवा कार्यालय मकवानपुरका प्रमुख डा ब्रजकिशोर ठाकुरले जानकारी दिए ।



सबैभन्दा कम खोप ललितपुरमा लगाइएको छ । ललितपुरलाई उपलब्ध गराइएको १० हजार डोज खोपमध्ये ३ हजार ६ सय ९ डोज मात्रै खोप लगाइएको छ । सबैभन्दा बढी खोप पाएको पशुसेवा कार्यालय चितवनमा सप्ताहव्यापी अभियानभर जम्मा ६ हजार डोज मात्रै खोप लगाइएको छ । चितवन बागमती प्रदेशको १३ जिल्लामध्ये सबैभन्दा धेरै पशुपालन हुने जिल्ला हो । मन्त्रालयका वरिष्ठ पशुविकास अधिकृत एवम् पशुपन्छी विकास महाशाखा प्रमुख डा. रामप्रकाश प्रधानका अनुसार चितवनमा गाईको संख्या ९२ हजार २ सय ५६ छ भने भैसीको संख्या ७२ हजार २ सय छ । दूध उत्पादनको क्षेत्रमा चितवन प्रदेशकै पहिलो जिल्ला हो । यहाँ मन्त्रालयका अनुसार चितवनमा वार्षिक ९५ हजार १ सय ४८ मेक्ट्रिकटन दूध उत्पादन हुने गरेको छ ।

यसरी दूध उत्पादनदेखि गाईभैंसीको संख्यासमेत सबैभन्दा धेरै रहेको र मन्त्रालयले सबैभन्दा धेरै ३० हजार डोज खोप उपलब्ध गराएको थियो । चितवनमा रहेका गाईभैंसी फार्महरुले आफैंले किनेर खोप लगाएकाले यो अभियानमा खोप कम लगाइएको मन्त्रालयको भनाइ छ । भदौ १ देखि ७ सम्म लम्पी स्किन रोगविरुद्धको सप्ताहव्यापी खोप अभियान सञ्चालन गरिएको हो । बागमतीका १३ जिल्लामा ४ लाख ८१ हजार ७ सय ७१ मेक्ट्रिकटन दूध उत्पादन हुँदै आएको छ । मन्त्रालयका अनुसार बागमतीका ११९ स्थानीय तहमा ६ लाख ९४ हजार २ सय १७ गाई र ५ लाख ४९ हजार १ सय ८२ भैंसी रहेका छन् ।

# सेवा प्रवाहलाई छिटोछरितो बनाउन मन्त्री श्रेष्ठको निर्देशन



साझाकुरा संवाददाता

हेटौंडा, ९ भदौ/ बागमती प्रदेशकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री बिन्दु श्रेष्ठले काठमाडौं उद्योग तथा वाणिज्य कार्यालयको अनुगमन गर्दै तत्काल सेवाप्रवाहलाई छिटोछरितो बनाउन निर्देशन दिएकी छन् ।

अनुगमनका क्रममा मन्त्री श्रेष्ठले कार्यालयमा अस्तव्यस्त देखिएका फाइल तथा कागजातलाई व्यवस्थापन गर्न सम्बन्धित निकायलाई निर्देशन दिँदै सेवाग्राहीलाई प्रभावकारी र सहज तरिकाले सेवा उपलब्ध गराउन आग्रह गरिन् । उनले निकट भविष्यमा सम्पूर्ण कार्यप्रणालीलाई प्रविधिमैत्री बनाउन मन्त्रालयबाटै प्रक्रिया सुरु हुने जानकारी दिइन् ।

यस अवसरमा कार्यालयप्रमुख यादव आचार्यले मन्त्री श्रेष्ठलाई स्वागत गर्दै गत आर्थिक वर्षको कार्यप्रगतिबारे विस्तृत जानकारी प्रस्तुत गरे । साथै, चालु आर्थिक वर्षका लागि कार्यालयले अघि सारेका योजनाबारे पनि जानकारी दिए । मन्त्री श्रेष्ठको निर्देशनले सेवाप्रवाह थप सहज र पारदर्शी हुने विश्वास कार्यालयले व्यक्त गरेको छ ।



साझाकुरा

## हाम्रो कुरा

# हैजाबिरुद्धको सतर्कता

जिल्ला जनस्वास्थ्य कार्यालय पर्साका अनुसार वीरगञ्ज महानगरका विभिन्न अस्पतालमा उपचाररत बिरामीमध्ये ४५ जनामा हैजा सङ्क्रमण पुष्टि भएको छ । हैजा तथा झाडापखालाको महामारी छिमेकी जिल्ला पर्साको वीरगञ्जसम्म फैलिएकोले हेटौंडा क्षेत्रमा उच्चजोखिम रहने भन्दै हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले सतर्कता अपनाउन आग्रह गरेको छ । सीमा नाकामा सतर्कता अपनाउन गर्नुपर्ने विषयमा पहल गरिएको छैन । हेटौंडा उपमहानगरले पनि नगरबासीलाई सचेत बनाउने गतिबिधि संचालन गर्ने सुरसार गरेको छैन । खानेपानी बोर्डले सूचना सार्वजनिक गरेर सचेत रहन आग्रह गरेको हो । बोर्डले रोग फैलिन नदिन तत्काल सतर्कता अपनाउन खानेपानीका उपभोक्तालाई आग्रह गरेको हो । हैजा र झाडापखाला जस्ता महामारीजन्य रोगको रोकथाम सबैको साझा जिम्मेवारी हो । बोर्डले अपील गर्दै पिउने पानी अनिवार्य उमालेर वा पियूष, वाटर गार्ड, क्लोरिन प्रयोग गरी मात्र सुरक्षित रुपमा पिउन, खानपानमा विशेष ध्यान दिन, खानेकुरा राम्ररी पकाएर मात्र सेवन गर्ने र फलफूल तथा काँचो खानेकुरालाई शुद्ध पानीले धोएर मात्र प्रयोग गर्न सुझाव दिएको छ ।

नियमितरुपमा सरसफाइमा ध्यान दिन, पटकपटक हातधुने बानी बसाल्न र वरपर सफा राख्न अनुरोध गरिएको छ । खानेपानीको गुणस्तर जाँच गर्न बोर्डको कार्यालय वा हेटौंडा उपमहानगरपालिकामा रहेको प्रयोगशालामा सम्पर्क गर्न सकिने जानकारी दिइएको छ । वीरगञ्जको नारायणी अस्पताल, तराई अस्पताल, नेशनल मेडिकल कलेज, एडभान्स अस्पताल, अलिअर्थो सेन्टर र भवानी अस्पतालमा हैजाका बिरामीको उपचार भइरहेको जिल्ला स्वास्थ्य कार्यालयले जानकारी दिएको छ । अहिले अस्पतालमा हैजाका नयाँ बिरामी भर्नादर बट्दै गएको भने छैन । वीरगञ्जका विभिन्न अस्पतालमा झाडापखाला र हैजाका शंकास्पद उपचाररत बिरामीको संख्या घट्दै गएको जिल्ला स्वास्थ्य कार्यालयले बताएको छ । वीरगञ्जका अस्पतालमा झाडापखालाका नयाँ बिरामी आउने क्रम घट्दै गएको भएपनि फैलने सम्भावना टरेको छैन । गएको साउन २४ गते वीरगञ्ज महानगरपालिकाको वडा नम्बर १२ बाट झाडापखालाका बिरामी देखापर्न थालेका हुन् । केन्द्रीय सुरक्षा समितिको बैठकले पर्साको वीरगञ्जमा फैलिएको हैजा नियन्त्रणका साथै प्रभावितको उपचारको व्यवस्थाका लागि चिकित्सक टोली परिचालन गर्ने निर्णय गरेको छ । गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा बसेको बैठकले यस्तो निर्णय गरेको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिएका छन् । गृहमन्त्री लेखकले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई हैजा नियन्त्रणमा परिचालन हुने टोलीको व्यवस्था मिलाउन निर्देशन दिए । यसैबीच स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेल र खानेपानी मन्त्री प्रदीप यादवबीच वीरगञ्जमा फैलिएको हैजा सङ्क्रमण नियन्त्रणबारे छलफल भएको छ ।

महानगरसँगको समन्वयमा बिरामीको तत्काल उपचार तथा सरकारी एवम् निजी अस्पतालमा नि:शुल्क परीक्षणको व्यवस्था गरिएको मन्त्री पौडेलले जानकारी दिएका छन् । हैजा थप फैलन नदिन हेटौंडामा पनि आवश्यक सतर्कता अपनाउन आग्रह गरिएको छ । स्वास्थ्य कार्यालय पर्साले १० वर्षपछि वीरगञ्जमा हैजा देखिएको बताएको छ । नारायणी अस्पताल वीरगञ्जले पिउनेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउन, सरसफाइमा बिशेष ध्यान दिन अनुरोध गरेको छ । हैजा रोगका प्रमुख लक्षणहरुमा निरन्तर झाडापखाला, बान्ता, पेट दुख्ने, ज्वरो आउने, आँखा गाडिने, मांसपेशी दुख्ने र शरीरमा पानीको कमी (डिहाइड्रेसन) हुनेछ । समयमै उपचार नभए रोगले मृत्युसम्म पुऱ्याउन सक्छ । हैजा एक गम्भीर सङ्क्रामक रोग भएकाले यसको रोकथाममा कुनै पनि लापर्वाही नगर्न नगरबासीलाई आवश्यक सतर्कता अपनाउन आग्रह गरिएको हो । नआत्तिकन आफूले पिउने पानी उमालेर वा निर्मलीकरण गरेर पिउन अनुरोध बिज्ञहरुले सुझाव दिएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ ११ गते बुधबार २७ अगष्ट २०२५ । चतुर्थी, भाद्र कृष्णपक्ष । गुँल्लागा ११४५ ने.सं. । सूर्योदय ५:४०, सूर्यास्त ६:२८। राष्ट्रिय धर्मसभा दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : नचिताएको काम सम्पन्न हुनेछ | **तुला** | : यात्राबाट नोक्सान हुनेछ |
| **वृष** | : मिहिनेतको फल मिल्नेछ | **वृश्चिक** | : घाउचोट लाग्न सक्नेछ |
| **मिथुन** | : स्वास्थ्यमा खराबी आउनेछ | **धनु** | : जग्गा जमिनबाट लाभ हुनेछ |
| **कर्कट** | : शुभ कामको संकेत मिल्नेछ | **मकर** | : सोचेभन्दा बढी खर्च हुनेछ |
| **सिंह** | : शरीरमा केही आलश्य हुनेछ | **कुम्भ** | : मित्रतामा कमी आउनेछ |
| **कन्या** | : सफलता मिल्न गाह्रो छ | **मीन** | : कामको जिम्मेवारी बढ्नेछ |

# सत्र साल दोहोरिने आशङ्का



✍ केशव अधिकारी

राणाशासन धेरैजसो आफ्नै कारण अनि केही राजनीतिक दलको दबाबसहितको आन्दोलनको प्रभावले २००७ सालमा ढल्न पुग्यो । १०४ वर्ष लामो राणाशासन पतन भएपछि देशमा प्रजातन्त्र आयो भनियो । सम्पत्तिको थैलो कसेका राणाशासकबाट आफ्नो अधिकार बल्ल फिर्ता पाइयो भन्दै राजा र राजतन्त्र पक्षकाहरु खुशी भए । आफूलाई राजनीतिका अप्ठ्यारा खुड्किलामा साथ दिएर निरङ्कुश राणाशासनका विरुद्धमा सघाउने सहयोद्धा मित्रहरू सबैलाई उचित सम्मान र स्थान दिएर संयमताका साथ अगाडि बढ्नुपर्ने तत्कालको अवस्था थियो । त्यति लामो अवधिसम्म राणाशासनको अँध्यारो रातमा बाँचेका आम नेपाली जनताले झन् धेरै आशा राखेका थिए । तर सत्ताको कुर्सीमा पुगेका नेताले अल्लारे केटाकेटीले गर्नेजस्तो व्यवहार गरेर शासन चलाउन थाले ।

मातृका कोइराला र विश्वेश्वर कोइरालाका बीचमा ठूलै सङ्घर्ष हुन थाल्यो । न राजाले चाहेजसरी शासन सम्हाल्न सके, न त जनताले चाहेजसरी काम हुन सके । थोपै काम हुन नसकेपछि नेपाली जनता अझै निराश बन्न पुगे । राजा महेन्द्रले पनि यी कुरा हेर्दै रहे । अन्त्यमा राजनीतिक दलका नेताबाट राजा र जनताले चाहेअनुसारको शासन सञ्चालन हुन नसक्ने रहेछ भन्ने कुरा निश्चय गरेर २०१७ साल पौष १ गते राजनीतिक दलमाथि प्रतिबन्ध लगाएर एकदलीय वा निर्दलीय पञ्चायती व्यवस्था लागू भएको घोषणा गर्न बाध्य भए ।

राजा महेन्द्रले 'कु' गरेर प्रजातान्त्रिक व्यवस्थाको हत्या गरेको भन्ने आरोप आज पनि विभिन्न राजनीतिक दलबाट लाग्ने गरेको छ । नेपाली जनताले चाहेअनुसारको शासन सञ्चालन गर्छु भनी सत्ताको कुर्सीमा पालैपालो आरोहण गरेका नेताहरू असफल राजनीतिक अभ्यासमा लाग्दै गर्दा अहिले कहीं-कतैबाट वा पूर्वराजा ज्ञानेन्द्रबाट राजा महेन्द्रले चालेकै कदमको अनुशरण गरियो भने हालका शासकले लगाउने आरोप पनि त्यही प्रकारको हुनेछ । उनीहरूले आफू शासन गर्न अक्षम भइयो वा भ्रष्टाचारको दलदलमा भासिएर त्यसबाट मुक्त हुने बाटो खोज्दै नखोजेर देशलाई आर्थिकरुपमा जर्जर बनाएको कारणले 'कु' भएको हो भनेर कुनै हालतमा तीतो यथार्थ प्रकट गर्न सक्ने छैनन् । बरु त्यसको साटो आफूले त सुशासन नै सञ्चालन गरेको हो तर यसरी 'कु' गरेकाले सुशासन गर्ने मौका नै पाइएन भन्नेजस्ता आरोप यी सबै असफल सत्ताधारीहरुको रहनेछ ।

तत्कालीन प्रजातन्त्रपछिको करिब एक दशक लामो प्रजातान्त्रिक अभ्यासले उनीहरुलाई शासन सञ्चालनमा सक्षम बनाउन नसकेको होइन, उनीहरु आफैंले सक्षमता हासिल गर्न चाहेनन् । त्यसको साटो सत्ताकै लम्बेतानमा अल्झेर उनीहरूले आम नेपाली जनताको आर्थिक, सामाजिक आदि अवस्थामा सुधार ल्याउनुपर्ने कुरा अलिकति पनि मनन गरेको पाइँदैन । तत्कालीन प्रजातन्त्रवादीको त्यो मानसिक रोग आजसम्मका प्रजातन्त्रवादी हुँ भनेर गर्वले छाती फुलाउनेहरूले समेत आफल्न सकेका छैनन् मात्र होइन कि तिनको भन्दा यिनको 'पापानी र लोभानी' पनको मात्रा ह्वात्तै बढेर गएको छ ।

कुनै पनि शासकको शासनले जनमानसअनुसारका काम गर्न अक्षम भएर जान्छ भने उसप्रतिको जनताको विश्वास आफैँ टुटेर जान्छ । यो कुरालाई हाम्रा शासकले या त नबुझेरै बसेका छन्, या त बुझेर पनि बुझ पचाइरहेका छन् । हाम्रो देशका पुराना राजनीतिक दलप्रतिको जनताको विश्वास टुटेर गएका कारण आक्रोशित भएको जनमानसले कुनै बेला भेटेमा भौतिक कार्यवाही गर्न बेर लगाउँदैन । यही भयका कारण पुरानो राजनीतिक दलका मानिएका नेताहरू आफैँ निर्धक्क भएर मन लागेका स्थानमा जान सकिरहेका हुँदैनन वा छैनन् ।

१७ सालमा जस्तो अहिले पूर्वराजाले राजनीतिक दलमाथि प्रतिबन्ध लगाउन सक्ने पनि कम सम्भावना रहन्छ । किनभने निर्दलीय पञ्चायती वा अरु जुनसुकै राजनीतिक व्यवस्था भए पनि प्रजातान्त्रिक अभ्यासमा जसरी स्वतन्त्र भएर क्रियाकलाप गर्न खुल्ला वातावरण नहुन वा नमिल्न सक्छ । नेपाली जनता पनि झन्डै डेढ दशकको समयमा प्रजातन्त्रको उपयोग गरेर एक प्रकारले अभ्यस्त भइसकेको अवस्थामा छन् । भोलि अर्कै वा एकदलीय व्यवस्था र त्यसैको आडम्बरीपूर्ण गुणगान गाउनुपर्ने अवस्था बनेको खण्डमा अवश्य पनि सह्य वा रुचिकर हुन सक्ने कुरै आउँदैन । यी कारणले गर्दा तत्कालै 'कु' होला कि भन्ने खतरा नरहे पनि जन अपेक्षित काम हुन नसकेको खण्डमा जनतामा फैलिएको निराशा झन्-झन् बढेर जानेछ । बरु 'नहुनु मामाभन्दा कानु मामा निको' जस्तै गरेर पर्खे पनि कतिन्जेल कुर्ने भन्ने चेतनाले पनि सताउन सक्छ ।

हुन त अहिले पनि अधिकांश नेपाली जनताको प्रजातान्त्रिक शासन व्यवस्थाको आस्था र विश्वास दृढरुपमै रहेको छ । त्यति भएर पनि प्रजातन्त्रका शासकहरू करिब कामयावीको स्तर सम्मका पनि नपाइने भएकोले उनीहरुले सुशासनका गफ गर्न जानेका हुन्छन् तर सुशासन कायम गराउन चाहेरै पनि असमर्थ नै रहन्छन् । यही कारणले प्रजातान्त्रिक व्यवस्था असफल भएको जस्तो लाग्ने गर्छ । जुनसुकै तरिकाको शासन व्यवस्था भए पनि शासकले उदार बनेर शासन चलाउन सकेको खण्डमा, देशको उन्नति भएर जाने क्रम तीव्र भएका खण्डमा त्यसलाई सफल राजनीति र सफल शासन मानिन्छ । तर हाम्रो देशका एकजना शासक पनि उदार शासकको रुपमा दरिन सक्ने भएर शासन चलाउन नसकेका भएरै आम नेपालीमा (अपवादलाई छोडेर) गणतान्त्रिक शासन व्यवस्थाप्रतिको तृष्णा क्रमश: हराएर जान थालेको छ ।

शासनभन्दा बाहिर रहेको, पूर्वमा शासक बनिसकेको नेता नै विदेशीको इशारामा चलेको हुन्छ । वर्तमान शासक पनि विदेशीको इशारा नभए शासन चलाउन नसक्ने मानसिकता बोकेर बाँच्दै गरेको हुन्छ । आफ्नै दृष्टिकोण र एउटा विश्वासिलो अभ्यासबेगरको शासन गराइले सबैलाई सन्तुलनमा लिएर जान सक्ला भन्ने कुरै हुँदैन । जनताका अपेक्षा पूरा गर्ने त झन् टाढाको कुरा भयो । विदेशीको इशारामा चल्ने शासक जति निरङ्कुश बन्न परे पनि तयार हुन्छ भन्ने कुरो नेपाली जनताले हाल भोग्दै गरेको केपी ओली नेतृत्वको सरकारले देखाउँदै छ । १७ सालमा जतिको सजिलो नभए पनि अहिलेको वातावरण हेर्दै जाँदा, प्रधानमन्त्री केपी ओलीले भारतीय प्रधानमन्त्री मोदीलाई रिझाएर केही खुशी तुल्याएका रहेछन् भने उनकै इशारामा नचलेर ओलीलाई सुख छैन । मोदीकै इशारामा चल्दै जाँदा मध्यावधि चुनावको बठ्याइँ झिकेर भए पनि सत्ता सके आफ्नै हातमा नसके पनि देउवा, प्रचण्डमध्येका एकको हातमा थमौती गर्ने सम्भावना छ । मध्यावधिमा गएपछिका दिनमा को जित्ने, को हार्ने भन्ने अनिश्चित अवस्था भएकोले आफूहरुले गरेका अनेक थरीका अनियमित कामका सिलसिलालाई ब्रेक अप गरेर अन्यत्रै सोचाइ पुऱ्याउन सकिने र भ्रष्टाचारका मुद्दालाई ढिसमिस पार्ने प्रयत्नमा लाग्न सकियो भने जीवन सार्थक हुनेछ भन्ने सोचाइ पनि नेतात्रयको हुन सक्छ । यस्तो सोचाइ अधिक मात्रमा केपी ओली अनि शेरबहादुर देउवाको हुन सक्छ ।

केपी ओलीको हकमा भ्रष्टाचारको मुद्दामा उनी एक्लो व्यक्तिविशेषको मात्र सवाल हुन्छ भने देउवाको हकमा देउवा पत्नी आर्जु र कतै छोरो पनि तानिने हो कि भन्ने आशंका हुन सक्छ । एकै परिवारका तीन सदस्य भ्रष्टाचारको मुद्दामा तानिनु र एक व्यक्ति मात्र तानिनुमा निकै फरक तरिका अनि महसुस गराइ पनि हो । यदि हालका प्रधानमन्त्री ओलीले मध्यावधिको नाटक मञ्चन गरिरहँदा ढुलमुले तथा अस्थिर मानसिकता भएका प्रचण्ड कहिलेकहीँ राजाको बारेमा कुरा गर्दै भन्छन्, 'राजा पनि प्रजातन्त्रमा अटाउन सकिन्छ ।' उनले भनेजसरी नै गोप्य तरिकाले पूर्वराजालाई उकासेर 'कु' गर्न उक्साएका खण्डमा अनि दक्षिण र उत्तरका छिमेकीले पनि बलियै आश्वासन पस्केका रहेछन् भने वर्तमान अवस्थामा पनि 'कु' को खतरा यथावत् रहनेछ ।

यदि हाम्रा शासकहरू नैतिकताको ढोकाभित्रै बसेर देश र जनताको उन्नतिको लागि लोभ-मोह त्याग गरेर समर्पित भएका भए विदेशीको इशारामा चल्ने नभई आफ्नै क्षमता, दृष्टिकोणको आधारमा सुशासन स्थापित हुने थियो । नैतिक अनुशासनसँग पूर्वराजालाई पनि केही मात्रामा भए पनि डर लाग्ने थियो । विदेशी पनि मौका हेरेर बस्ने काम हुने थिएन । तर नेपालका नेता हुँ भन्दै अन्टसन्ट भाषणका भरमा नेता बनाइएका अनि छिमेकीको इशारामा नाचेर आफ्नै घरको दैलोमा दिसा गर्ने मानसिकता र व्यवहारका नेताले देशको अवस्था, जनताको दीनहीन अवस्थासँग के सरोकार भयो र ? चुनाव गराउने खर्च नभए विदेशीसँग ऋण मागेरै भए पनि राम्रो 'खान्तेपिन्ते' गर्न पल्केका नेताले १७ साल दोहोरिन दिन बेर लगाउँदैनन् । यता आम जनताको चाहना भनेको हालको राजनीतिक व्यवस्थालाई सुधार गरेर यसैका साथ अगाडि बढ्नुपर्ने भन्ने धारणा रहेको छ ।

पुराना राजनीतिक दलका पुराना नेताले सत्तामोहलाई काखी च्यापेर जतासुकै भड्खारोमा परोस् भन्ने मानसिकता बोकेका हुनाले त्यस्तो पापले भरिएको मानसिकताका विरुद्धमा आ-आफ्नै राजनीतिक दलका सहयोद्धाहरूले आवाज उठाइरहेका छन् । उदाहरणको रुपमा प्रधानमन्त्री केपी ओलीको विरुद्धमा विद्या भण्डारीको दह्रो उपस्थिति हुँदै छ । नेपाली काङ्ग्रेसतिर पनि उस्तै अवस्था सिर्जना भएको छ । पुराना पुस्ताको स्थानमा नयाँ पुस्ताको आगमन हुनु केही मात्रामा भए पनि आशावादी बनिने अवस्था हो । तथापि अन्त्यमा गएर आ-आफ्ना आवाजलाई क्रमश: फितलो बनाएर विरोध गरिएकैसँग लपक्क टाँसिने होइन भन्ने कुराले भने हर्दम झस्काएकै हुन्छ । यो केवल झस्काइ मात्र होइन कि सचेत बन्ने संकेत पनि फर्मान गरेको हो ।

नेपाली राजनीतिमा भरोसा गरिएको पात्रले भरोसायोग्य काम गर्न नसकेर पटक-पटक धिक्कार्नु परिरहेको छ । नेपाली जनताको भनाइलाई नेतावर्गले आत्मसात् गर्ने हो भने मध्यावधि चुनावमा जानु कति पनि ठीक होइन । अनि 'कु' गरेर निरङ्कुशता लादिने गरी कदम चाल्नु कति पनि ठीक काम होइन । त्यसैले हालको राजनीतिक व्यवस्थालाई नै सुदृढ बनाउँदै लैजाने काम गर्नु, त्यसैभित्र विविध सम्भावनाका ढोका पहिचान गरेर देशलाई निर्लोभिताका साथ अगाडि बढाउने काममा शासक र आम जनता लाग्न सके १७ साल दोहोरिने अवस्था कहिल्यै आउने छैन ।

*(साभार: न्यूज अफ नेपाल)*

# नेपाली मोडेलका फ्र्याङ्कफर्ट स्कूल र जे.एम. किन्सहरूको खोजी

✍ डा. सन्जिब हुमागाई

इतिहासबाट सिक्न खोज्नेहरूका लागि मात्रै काम लाग्छ इतिहास । विश्व इतिहासमा रमाइलो र सदाबहार आउने घटना के हो भने जब-जब राष्ट्रिय रूपमा ठूला समस्या आउँछन्, तब-तब नयाँ सिद्धान्त, वैचारिक समूह वा व्यक्तिले नितान्त फरक सिद्धान्त र समाधानका उपायहरू पस्कन्छन् । पुराना र नयाँ सिद्धान्त बीच घनीभूत छलफल हुन्छ । राजनीति र राजनीतिज्ञहरू पनि आफ्ना विचार परिष्करण गर्न बाध्य हुन्छन् । यसै सिलसिलामा सिङ्गो देश त्यो भुमरीबाट बाहिर आउँछ । अब प्रश्न आउँछ, के नेपाल भुमरीमा छ ? देशलाई माया गर्ने नागरिकको रूपमा मलाई यो प्रश्नमा सवाल-जवाफ नै गर्न मन छैन । तर वास्तविकताबाट टाढा रहेको बहस र रोग पाल्नु उस्तै हो । कालान्तरमा अत्यन्तै हानिकारक हुन्छन् ।

हाम्रा अगाडिका केही सामान्य आर्थिक तथ्यांक मात्रै नियाल्दा पनि अहिले सब ठिकठाक छ भन्ने तथ्य स्वीकार गर्न कठिन छ । लामो समयदेखि हाम्रो अर्थतन्त्र चलायमान छैन भन्नेमा लगभग राष्ट्रिय सहमति नै छ । वार्षिक नीति तथा कार्यक्रम, बजेट र मौद्रिक नीतिले बजार चलायमान बनाउने कामलाई प्रमुख प्राथमिकतामा राख्न सुरु गरेको धेरै वर्ष भइसक्यो । बैंकमा पैसा थुप्रने र कर्जा प्रवाहमा तात्विक सुधार हुन नसकेको पनि लामो समय भइसक्यो । लगभग एक दशक भयो हामीले आफूले बनाएको वार्षिक बजेट पूर्णरूपमा खर्च गर्न नसकेको । पुसमा वर्षेनि बजेट संशोधन गर्दै आकार घटाउँदै गरेको कति वर्ष भयो ? वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सले जीडीपीमा २५ प्रतिशतभन्दा माथि टेवा पुऱ्याउन थालेको वर्षौं भइसक्यो र यो अवस्थामा निर्णायक सुधार आउने छाँट पनि देखिँदैन । अनौपचारिक अर्थतन्त्रले अर्थतन्त्र मात्रै होइन, सिङ्गो समाज र राजनीति नै प्रभावित भएको छ ।

कृषि क्षेत्रबाट उद्योग हुँदै सेवा क्षेत्रमा जाने आर्थिक विकासको विश्वव्यापी मोडेल भन्दा पूर्णरूपमा फरक बाटोमा विकास हुँदै गरेको हाम्रो अर्थतन्त्रमा संरचनागत समस्याहरू रहेका छन् । त्यसतर्फ सघन संवाद हुनसकेको छैन । समस्याको बारेमा सबैले चर्चा गरे पनि सुधारमा भन्दा आरोप-प्रत्यारोपमा नै प्रतिस्पर्धा केन्द्रित छ । हत्या, अपराध, आत्महत्याका तथ्यांक भित्र हाम्रो समाजको कहालीलाग्दो चित्र छर्लङ्ग छ । नेपालमा आत्महत्या हुने क्रम पछिल्लो एक दशकमा एक वर्ष मात्र घटेको र बाँकी नौ वर्ष बढेको छ । तथ्यांकहरूका अनुसार नेपालमा दिनमा सरदर १६-१७ जनाले आत्महत्या गर्ने गरेका छन् । साइबर, बैंकिङ कसुर, लागूऔषध जस्ता समस्याहरू विकराल बन्दै छन् । महिला तथा बालबालिकाप्रति हुने गरेका अमानवीय दुर्व्यवहारका समाचारहरूका हामी सबै साक्षी छौं ।

धनी र गरिब बीचको खाडल बढ्दै गएको यूएनडीपीले तयार गरेको मानव विकास सूचकाङ्क २०२५ ले देखाएको छ । एउटा पुस्ता र समूहले अर्कोलाई आलोचना गर्दा प्रयोग गर्ने भाषा झन्-झन् असभ्य हुँदै गएको छ । दुई-चार जना बसेर हुने छलफलमा सकारात्मक भन्दा नकारात्मक विषयको बारेमा चर्चा हुनु अब हाम्रो दैनिकी नै बनेको छ । सामाजिक सञ्जाल प्रयोगको समय र विषयमा समस्या छ भन्नेमा शंका गर्ने कमै छौं । समाजमा विश्वासको वातावरण कमजोर बन्दै गएको देखिन्छ । राजनीतिको अवस्था कस्तो छ हेर्न दैनिक जस्तै गणपूरक संख्या नपुगेर संसद् बैठक, संसदीय समितिको बैठक स्थगित हुने अवस्थाको नियमिततामा छर्लङ्ग छ । व्यवस्थालाई संस्थागत गर्नेभन्दा व्यवस्था माथि चौतर्फी आक्रमण गर्नेमा ध्यान केन्द्रित भएकाहरूको बिगबिगी छ । सिङ्गो राजनीति लोकप्रियतावादले ग्रसित छ । महत्वपूर्ण राजनीतिक निर्णय लिने अधिकार सीमित व्यक्तिमा निहित छ ।

मिडियाहरू पनि सजिलो र उत्तेजक समाचारलाई प्राथमिकता दिन्छन् । राजनीतिको नाममा नागरिकहरू झन्-झन् विभाजित हुँदै गएका छन् । नागरिकको एउटा ठूलो हिस्सा राजनीतिको छलफल गर्नुलाई नै अपराध ठान्छ । घनीभूत राजनीतिक संवाद हुने गरेका विद्यालय, चौतारी, घट्ट-पसल, हजामको पसलमा अहिले के छलफल हुन्छ ? हो, हाम्रो समाज, राजनीति र अर्थतन्त्रमा केही उल्लेखनीय सुधारहरू भएका छन् । तर विकास वा सुधार भएका देश वा स्थानमा समस्या नै आउँदैन भन्ने हुँदैन । जस्तै जापानीजहरूले सन् १९९० को दशकलाई 'लस्ट डिकेड' अर्थात् हराएको १० वर्ष भन्ने गरेका छन् । हाम्रो वर्तमान अवस्थालाई कठोर भएर मूल्यांकन गर्दा राम्रा र सबल पक्षहरू धेरै हुँदाहुँदै पनि हाम्रो राजनीति, समाज र अर्थतन्त्रमा केही यस्ता संरचनागत, संस्थागत समस्याहरू छन् जसको निराकरणको तत्काल पहल नगर्ने हो भने हाम्रा समस्याहरू जटिल हुने निश्चितप्राय: छ ।

सरकार वा राज्यले प्रयत्न नगरेको हो त ? होइन । राज्यले सक्दो प्रयास गरेको छ । सत्तामा रहेका जो-कोहीलाई पनि राम्रो काम गरौं, लोकप्रिय हुँ भन्ने लाग्छ । सरकारसँग पञ्चवर्षीय योजना छ । वार्षिक नीति तथा कार्यक्रम छ । मन्त्रालय र मातहतका कार्यालयहरूसँग नीति, कार्यविधि अन्य दस्तावेज छन् । प्रदेश सरकार र स्थानीय तहसँग उस्तै दस्तावेजहरूको चाङ नै छ । राजनीतिक दलहरूसँग घोषणापत्र छन् । गैरसरकारी संस्थाका उच्चस्तरका प्रतिवेदनको कुरै नगरौं । यति धेरै प्रयत्नका बाबजुद पनि फेरि हाम्रो अलमल किन ? कुरा स्पष्ट छ । समस्या पहिचानको हाम्रो निष्कर्ष सरल छैन । हामी भद्दा र गोलमोटल कुरा गर्न रुचाउँछौं । प्राज्ञिक समूह र राजनीतिज्ञले आफ्नो सिद्धान्तमा रहेर तर्क गर्न छोडेको एक युग भइसक्यो । यसरी एकातर्फ समस्याको पहिचान नै स्पष्ट नहुनु र अर्कोतर्फ गैर सैद्धान्तिक बहसले हाम्रो राजनीति, समाज र अर्थतन्त्रका संरचनागत एवं संस्थागत समस्याको छलफललाई कर्मकाण्डी बनाएका छन् । खासमा हाम्रा छलफल र बहसमा समस्याका संरचनागत र संस्थागत पाटोलाई उपेक्षा गर्ने, अवमूल्यन गर्ने अनि फगत पात्र, पात्र, पात्रको कुरा हुन्छ ।

यहाँ एउटा विषय स्पष्ट राखौं, प्राज्ञिक समूहले जटिल विषयहरूलाई सरल र सरोकार वाला सबैले बुझ्ने बनाउँदा मात्रै समाजमा नवीनतम सुधारका सघन र जीवन्त छलफलहरू सम्भव हुन्छ । नहुँदा, धमिलो पानीमा माछा मार्ने क्रमले निरन्तरता पाउँछ । विचारलाई सङ्लो बनाउने प्राज्ञिक समूहको क्षेत्राधिकारको अतिक्रमण, शिथिलतामा हामी कहाँ चुक्यौं ? २१औं शताब्दीको आधुनिक राज्य सञ्चालनमा स्पष्ट कामको बाँडफाँटमा अहिलेको कन्जुस्याइँ किन ? त्यसमा पनि छलफल गरौं । यो समय नेपाली मोडेलका फ्र्याङ्कफर्ट स्कूल र जे.एम. किन्सहरूको खोजी गर्ने समय हो । नेपाली समाज, राजनीति र अर्थतन्त्रका निश्चित विषयमा सघन छलफल गर्ने, ज्ञानलाई सरलीकृत गर्ने, प्रकाशन गर्ने, सरोकारवालाहरूलाई पृष्ठपोषण गर्ने र त्यस मुद्दालाई अर्को चरणमा लैजाने समूह, संस्था र व्यक्तिहरूको खाँचो छ ।

लामो समयपछि हामीलाई थाहा होस् कि यो विशेष क्षेत्रको अलमलमा फलानो संस्था वा व्यक्तिको अतुलनीय योगदान थियो । दिनहुँ जस्तो हुने संवादहरू छरिएका छन् । निश्चित मुद्दामा केही निष्कर्ष निकाल्ने भन्दा पनि हरेक फोरममा तिनै पात्रहरूले आफ्नो कुरालाई दोहोऱ्याउने प्रवृत्ति हावी छ । अन्तिममा चर्चा गरौं, त्यस्तो आवश्यकतालाई उजागर गर्न मैले किन फ्र्याङ्कफर्ट स्कूल र जे.एम. किन्सलाई रोजे ? फ्र्याङ्कफर्ट स्कूलको उदय जर्मनमा एउटा विशिष्ट समयमा भएको थियो । सन् १९१८ मा पहिलो विश्वयुद्ध अन्त्यतर्फ उन्मुख थियो । जर्मन युद्धमा हारको पीडा र आर्थिक कठिनाइबाट आक्रान्त थियो । सडकमा बसेका माग्नेहरूलाई पैसा दिनेहरू नै खोज्न मुस्किल थियो ।

कार्ल मार्क्सको जन्मभूमि जर्मनका मार्क्सवादीहरूलाई लाग्यो- यो नै क्रान्तिको सबैभन्दा उपयुक्त समय हो । पूँजीवादको संकट चरम अवस्थामा पुगेकोले अब कम्युनिष्ट शासन प्रणालीको स्थापनाको क्रान्ति गर्ने समय भयो । विश्वयुद्ध अन्त्य हुने अघिल्लो दिन जर्मनभर सशस्त्र क्रान्ति शुरु भयो । हामीले धेरै नाम सुनेको रोजा लक्जेम्बर्ग सोही क्रान्तिको नेतृत्वकर्ता मध्ये एक थिइन् । तर सन् १९१९ को अगस्टमा संसदीय व्यवस्था सहितको वाइमार संविधान जारी भयो । क्रान्ति असफल भयो । अनि जर्मनका मार्क्सवादी चिन्तकहरूले एक-अर्कालाई प्रश्न गर्न शुरु गरे, खासमा यो क्रान्ति किन सफल भएन ? शुरुमा उनीहरू संस्था बनाउने वा औपचारिकता दिनेमा इच्छुक थिएनन् । उनीहरूले अनौपचारिक विचार समूहको रूपमा कहिलेकाहीं भेटघाट र छलफल गर्ने सोचेका थिए ।

उनीहरूमध्येका एक फिल्कस विलको आर्थिक सहयोगमा सन् १९२४ मा हामीले अहिले भन्ने गरेको फ्र्याङ्कफर्ट स्कूल अर्थात् जर्मनको फ्र्याङ्कफर्ट शहरमा 'सामाजिक अध्ययन इन्स्टिच्युट' स्थापना भयो । उनीहरूसँग एक मात्र सैद्धान्तिक प्रश्न थियो: कार्ल मार्क्सले भनेको क्रान्ति हुने सबै अवस्थाका बावजुद पनि जर्मनमा क्रान्ति सफल हुन सकेन, किन ? र, कालान्तरमा उत्तर निकाले- मार्क्स पनि समाजको तहगत विकासक्रमवादी थिए । पूँजीवादसँग उत्पीडितहरूले पनि पूँजीवादलाई नै समर्थन गर्ने दमनकारी संस्कृति र विचार उत्पादन गर्ने सामर्थ्य हुन्छ भन्ने विषयलाई अवमूल्यन गरे ।

यहीक्रममा जन्मियो- आज हामी सबैको जिब्रोमा झुण्डिएको 'क्रिटिकल स्कूल' । उत्पादन गऱ्यो एक शताब्दीको राजनीतिक डिस्कोर्सलाई नेतृत्व गर्ने प्राज्ञहरू । हो, हामीलाई पनि प्रश्न केन्द्रित बहस, बैठक र स्कूल आवश्यक छन् । जब प्रश्न, प्रश्न केन्द्रित बहस सुरु हुन्छ तब मात्रै अलमलहरू घट्दै जान्छन् । हाम्रा संस्था र छलफलहरूलाई प्रश्न केन्द्रित गरौं । अब जे.एम. किन्सको कुरा गरौं । धनाढ्य एवं प्राज्ञिक परिवारमा जन्मिएका उनी 'कन्जरभेटिभ' थिए । बेलायतमा उक्त समयमा त्यस्तो परिवारमा जन्मेकाहरू प्राय: कन्जरभेटिभ नै हुन्थे । उनी स्वयंले भनेका छन्, 'यदि कठोर वर्ग संघर्षको अवस्था आयो भने म बुर्जुवाको पक्षमा उभिनेछु ।

*(साभार: अनलाइनखबर)*

# लाइसेन्स नै नपाएका सवारीधनीलाई इम्बोस्ड नम्बर प्लेटको सास्ती

ललितपुर/एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालय सधैँ भिडभाड नै हुन्छ । अहिले यही भिडमा थपिएका छन्- इम्बोस्ड नम्बर प्लेट लिनखोज्ने सेवाग्राही । यसले कार्यालयको चहलपहल झन् बढाएको देखिन्छ । आउँदो असोज एक गतेदेखि सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्ने सरकारी निर्णयले भीड झनै बढेको छ । सोमबार कोही सेवाग्राही फारम भर्ने हतारोमा देखिन्थे । कोही राजस्व तिर्न लाइनमा । कोही सूचनाको अभावमा अलमलमा । तर, सबैको साझा गुनासो छ-यो प्रक्रिया झन्झटिलो छ । सरकारको निर्णय पारदर्शी छैन । र नम्बर प्लेटमा नेपाली लिपि नहुँदा सांस्कृतिक पहिचान गुम्ने खतरा भयो ।




एकान्तकुनामा भेटिएका चाबहिलका रविन्द्र प्रधान लाममा उभिँदा बेचैन थिए । मोटरसाइकल चालक रविन्द्रलाई असोज एक गतेको समयसीमा र जरिवानाको डरले सताएको छ । 'यो इम्बोस्ड नम्बर अनिवार्य भयो भन्छन्, तर समय यति छोटो छ । जरिवाना हुन्छ भन्ने डरले हतारमा आएँ' उनले भने । रविन्द्रलाई यो प्रक्रियालाई अझै लामो समयसीमा दिएर व्यवस्थित गरेको भए सजिलो हुन्थ्यो भन्ने लाग्छ । कारण, उनले इम्बोस्ड लिनुपर्ने बाध्यता त बुझे, तर सूचनाको अभावले दुःख पाए । कहाँ जाने ? कसरी लिने ? के-के कागजात लिएर जाने भन्ने स्पष्ट जानकारी नपाएको गुनासो उनको थियो ।

सरकारले सकेको छिटोछरितो सेवामार्फत इम्बोस्ड नम्बर प्लेट दिलाउने भने पनि उनलाई विश्वास छैन । 'यहाँ भेरिफिकेसन, बायोमेट्रिक, बैंकमा राजस्व तिर्नदेखि अनेकतिर धाउनुपर्छ रे,' उनको प्रश्न छ, 'एक हप्ता लाग्छ भन्छन् । मलाई त यो जबर्जस्ती किन लादिएको होला जस्तो लाग्छ ?' चक्रपथका कपिल न्यौपाने पनि सरकारको यस्तो निर्णयबाट आजित सुनिए । सँगसँगै यातायात कार्यलयभित्रको प्रक्रियाले पनि उनी झन्झट महसुस गरिरहेका थिए । 'लाइनमा बसेर फारम भर्न पनि धेरै ठाउँ सोध्नुपर्छ । अनलाइनमा स्पष्ट जानकारी छैन । बीचको मान्छे नलगाए अलमल मात्र हुन्छ,' उनले भने ।

तीन-चार दिनअघि अनलाइन फारम भरेका कपिललाई प्रक्रिया पूरा गर्न टेकु, बैंक, र यातायात कार्यालय धाउनुपरेको छ, सूचनाको अभावले । 'यो त दुख दिने काम भयो । ईम्बोस्ड नभए अरु सेवा पाइन्नँ रे भन्ने सुनेपछि पहिला टेकु गएँ, त्यहाँबाट यहाँ पठाए,' उनले भने । उनकाअनुसार अब फेरि बैंकमा राजस्व तिर्नुपर्छ । यसरी धाउनुपर्दा आजित थिए उनी । कपिललाई इम्बोस्ड नम्बरको आवश्यकतामाथि पनि शंका छ । यी सबै कारण कतै यसमा 'कमिसनको खेल त छैन ?' भन्ने लाग्छ उनलाई । पटकपटक निर्णय हुने, फेरि उल्टने गरेकोले सरकारी निर्णयमाथि नै विश्वास छैन ।

बालकोटका उद्धव भण्डारी पनि एकान्तकुनामा यताउता गर्दै थिए । उनी इम्बोस्ड नम्बर प्लेटको लागि लाइनमै थिए, तर यसको विपक्षमा सुनिए । सरकारले जबजर्स्ती लाद्नु ठिक नभएको उनको बुझाई छ । अर्कोतर्फ उद्धवले दुई-तीन वर्षअघि स्मार्ट ड्राइभिङ लाइसेन्सको लागि आवेदन दिएका थिए, जुन अझै पाएका छैनन् । उनीजस्ता लिखित र ट्रायल पास गरिसकेका २४ लाख नागरिकले पाँच वर्षदेखि सवारीचालक अनुमति-पत्र पाउन सकेका छैनन् । एकातिर लाइसेन्सको भरेको फारम कता छ अत्तोपत्तो छैन, पाउने ठेगान छैन । अर्कोतिर फेरि इम्बोस्ड नम्बर प्लेटको झन्झट थपिँदा आक्रोशित थिए उनी ।

उद्धवको प्रश्न छ - दुईवर्षअघि भरेको लाइसेन्स नै दिन नसक्ने, अनि इम्बोस्ड नम्बरको हतार किन ? उनलाई सरकारको नियतमा शंका छ । उनी पारदर्शिता देख्दैनन् । 'हामीलाई किन यो चाहिएको हो, स्पष्ट भनिएको छैन,'उनले भने, 'त्यसमाथि टेकु, एकान्तकुना र विभिन्न कार्यालय धाउँदा दिन बर्बाद भईसकेको छ । एउटा स्पष्ट गाइडलाइन भए, अनलाइनबाटै सबै काम गर्न सकिने भए त सजिलो हुन्थ्यो । तर, यहाँ त १० ठाउँ सोध्नुपर्छ ।' रामेछापका पुरुषोत्तम कँडेल इम्बोस्ड नम्बर अनिवार्य गर्ने सरकारको निर्णयलाई अनावश्यक ठान्छन् । उनको बुझाईअनुसार बागमती प्रदेशमा मात्र लाखौँ सवारीसाधन छन् । सबैलाई एकैपटक अनिवार्य गर्नु भनेको जनतालाई सेवामा सास्ती दिनु हो । 'लाइनमा दिनभर बस्नुपर्छ । यो त अनावश्यक झन्झट हो,' उनले भने, 'फेरि यो निर्णय कतिन्जेल टिक्ने हो पनि थाहा छैन ।सरकारको भर छैन ।' त्यसैले इम्बोस्ड नम्बर प्लेटबारे बुझ्न सोमबार एकान्तकुना आएका उनले अहिलेलाई आफ्नो बाइकमा इम्बोस्ड नम्बर नलगाउने निर्णय गरेका छन् ।

२० वर्षदेखि ट्याक्सी चलाउँदै आएका धापाखेलका ललितजंग माली पनि सरकारको यो निर्णयलाई लिएर असन्तुष्ट छन् । कारण, एकातर्फ उनको पनि स्मार्ट लाइसेन्स दुईवर्ष कट्दासमेत हातमा परेको छैन । तर, यता इम्बोस्डको अर्को लफडा थपिँदा झन् असन्तुष्ट छन् उनी । ललितले सरकारको निर्णयलाई लिएर सरकारको नियतमाथि प्रश्न उठाएका छन् । उनले शंका व्यक्त गरे - 'यो त विदेशी कम्पनीलाई फाइदा पुर्‍याउन ल्याइएको हो कि जस्तो लाग्छ । नत्र घरी बन्द, घरी अनिवार्य किन गर्नुपर्‍यो ?'

### लिपीमाथि प्रश्न

एकान्तकुनामा भेटिएका कपिललाई इम्बोस्ड नम्बर प्लेटमा प्रयोग गरिने लिपीप्रति पनि गुनासो छ । नेपाली भाषा छोडेर अंग्रेजी किन राखियो उनले बुझ्न सकेका छैनन् । त्यसैले इम्बोस्डमा नेपाली लिपी र भाषा नराखी अंग्रेजीमात्र हुने सुन्दा उनी दुःखी थिए । 'हामीलाई यहाँ दुख त दिई नै रहेको छ । सँगसँगै हाम्रो भाषा पनि किन मास्न खोजेको हो बुझिएन । यहाँ पक्कै केही चलखेल छ,' कपिललाई शंका छ । यातायता व्यवस्था कार्यलयमै यताउता गरिरहेका उद्धव पनि नेपाली लिपी प्रयोग नहुने कुरामा चिन्तित देखिए । 'हामी त अन्तराष्ट्रिय स्तरमा गाडी चलाउन जाने होइन । नेपाली लिपिमै नम्बर प्लेट भए हुन्थ्यो,' उनले गुनासो पोखे ।

त्यस्तै, धापाखेलका ललितलाई इम्बोस्ड नम्बरको प्राविधिक फाइदा ठीकै लाग्छ । तर नेपाली लिपीको अभावले उनको मन कुँडिएको छ । 'हाम्रो देशको पहिचान हाम्रो भाषा र लिपिमा छ । तर, किन अंग्रेजी नम्बर प्लेट ? यो त हाम्रो संस्कृति बेच्ने काम भयो,' उनले भने । ट्याक्सी व्यवसायी संगठनहरूले पनि यो निर्णयको विरोध गरिरहेको उनले बताए । यता सार्वजनिक यातायात केन्द्रीय महासंघ नेपालले विज्ञप्ति निकाल्दै इम्बोस्ड नम्बर प्लेटमा प्रयोग हुने लिपीका कारण नेपालको मौलिक पहिचान बोकेको नेपाली भाषा नै लोप हुन सक्ने बताएको छ ।

'नेपालको पाण्डुलिपि र नेपाली भाषा नै लोप हुने गरी राष्ट्रिय स्वाभिमानमाथि आँच आउने काम भएको छ,' विज्ञप्तिमा भनिएको छ, 'विदेशी ठेकेदार कम्पनीको सहकार्यमा लागू गरिएको यो प्रणालीले नेपाली नागरिकको सम्पूर्ण गोप्य विवरण विदेशीको नियन्त्रणमा पुग्ने र राष्ट्रलाई नै कमजोर बनाउने छ ।' यसरी एकान्तकुनामा भेटिएका रविन्द्र, कपिल, उद्धव, पुरुषोत्तम र ललितजस्ता आमनागरिक सरकारले गरेको इम्बोस्ड नम्बर प्लेटको अनिवार्यतासँगै नेपाली लिपी 'मास्ने' कुरालाई लिएर लिएर आक्रोशित छन् । सामाजिक सञ्जालमा पनि यसलाई लिएर चर्को विरोध सुनिन्छ ।

लेखक तथा पत्रकार कनकमणि दिक्षितले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'फेरि पनि भन्छु, र भनिनैरहन्छु - इम्बोस्ड नम्बरप्लेट देवनागरीमा हुनुपर्छ, जसरी बंगलादेशमा बांग्ला लिपीमा छ । डिजिटल टेक्नोलजीको युगमा अंग्रेजीमा उतार्न सकिने नम्बरप्लेट देवनागरीमा पनि सहजै सकिन्छ ।' थप स्पष्ट पार्दै उनी लेख्छन् - मैले इम्बोस्ड नम्बरप्लेट 'देवनागरी'मा हुनुपर्छ भनेको छु, 'नेपाली' भनेको छैन । र यो 'राष्ट्रवादी पहिचान'को कुरा नभई तर्क, टेक्नोलजी, जनसुरक्षा, तथा ट्राफिक नियमनमा आधारित सवाल हो ।

### यातायात कार्यालयमा बढ्यो भिड, तर जनशक्ति कम

यातायात व्यवस्था कार्यालयका सूचना अधिकारी अम्बिक घिमिरेकाअनुसार सरकारले एक गतेबाट अनिवार्य गर्ने निर्णयपछि भिडभाड बढेको छ । यसअघि दिनमा ५०-६० फारम प्राप्त हुने गरेकोमा अहिले २०० माथि फारम भरिन्छ । र, कार्यालयको जनशक्तिले दैनिक १५० जनालाई मात्र दैनिक नम्बर प्रदान गर्न सकिरहेको छ ।

'सवारी धनीले अनलाइन फारम भरेर, ब्लुबुक र निवेदनसहित फारम बुझाउनुहुन्छ । हामीले इन्जिन र च्यासिस नम्बर भेरिफाई गर्छौं, फारम स्वीकृत गर्छौं, र नम्बर प्रदान गर्छौं,' उनले प्रक्रिया बताए, 'त्यसपछि सवारी धनीलाई मोबाइलमा म्यासेज पठाउँछौं । उहाँहरूले टेकुको कार्यालयमा सम्पर्क गरेर प्लेट जडान गर्न सक्नुहुन्छ ।'

### इम्बोस्ड नम्बर नै किन ?

सूचना अधिकारी अम्बिक भन्छन् - सरकारले सवारीसाधनको व्यवस्थापनलाई आधुनिक र व्यवस्थित बनाउन यो कदम चालेको हो । पुरानो ढङ्गा प्रणालीबाट नामसारी, दर्ता र राजस्व संकलनमा हामीलाई गाह्रो हुन्छ । अरु सेवा पनि ढिलो हुन्छ । त्यसैले इम्बोस्ड नम्बर जडान गर्दा यो अव्यवस्थाबाट मुक्त भईने उनले बताए । यद्यपि, अहिलेको अवस्थामा भिआरएस सिस्टममा (भेइकल रजिस्ट्रेसन सिस्टम) पुरानै नम्बरबाट काम हुन्छ । भविष्यमा कम्प्युटराइज्ड सिस्टममा अपडेट भएपछि इम्बोस्ड नम्बर पूर्ण कार्यान्वयन हुनेछ ।

'तर, अहिलेबाट इम्बोस्ड लगाउँदै जाँदा पछिलाई सहज हुन्छ । हाम्रै क्षमताअनुसार पनि असोज एक गतेसम्म सबै सवारीले दर्ता गर्न सम्भव नभए पनि नामसारी र नवीकरणमा यो अनिवार्य हुन्छ,' उनले भने, 'हामीले पनि अहिले हाम्रो जनशक्ति र क्षमताले भ्याएसम्म सेवा दिइरहेका छौं ।' सरकारले प्राविधिक सुधार र सवारी व्यवस्थापनको लागि यो कदम चालेको दाबी गरे पनि, कार्यान्वयनमा देखिएको अव्यवस्था र अस्पष्टताले नागरिकको मनमा शंका उब्जाएको देखिन्छ । सूचनाको अभाव, जटिल प्रक्रिया, र नेपाली लिपिको अभावलाई लिएर सेवा लिन एकान्तकुना पुगेका अन्य सेवाग्राही पनि आजित सुनिए ।

### नौ वर्षदेखिको विवाद

गत मंगलबार यातायात व्यवस्था विभागले आगामी १ असोजदेखि अनिवार्य रूपमा इम्बोस्ड नम्बर प्लेट जडान गर्न सवारी धनीहरूलाई अनुरोध गर्‍यो । एक सूचना जारी गर्दै १ असोजदेखि सवारी दर्ता, नामसारी र नवीकरण गर्दा अनिवार्य इम्बोस्ड नम्बर प्लेट जडान गर्नु पर्ने व्यवस्था गरेको जानकारी दियो । गत २० साउनमा भौतिक पूर्वाधार तथा यातयातमन्त्री देवेन्द्र दाहालको अध्यक्षतामा बसेको विषयगत समितिको बैठकको निर्णयलाई आधार मान्दै यातायात व्यवस्था विभागले यस्तो सूचना जारी गरेको थियो, जसपश्चात् यो विषयले फेरि सार्वजनिक चर्चाको स्थान लियो ।

### इम्बोस्ड नम्बर प्लेटको विवाद २०७३ बाट सुरू भएको हो ।

यो बेला जब यातायात व्यवस्था विभागले डेकाटुर-टाइगर आईटी कम्पनीसँग यसको लागि सम्झौता गर्‍यो । यो परियोजनाले सवारीसाधन व्यवस्थापनलाई आधुनिक र सुरक्षित बनाउने, चोरीको जोखिम कम गर्ने, र कर छल्ने सवारीलाई नियन्त्रण गर्नेलगायतका कुरामा सहज हुने अपेक्षा गरिएको थियो । २०७४ भदौबाट इम्बोस्ड नम्बर प्लेट जडान सुरु भयो । तर नेपाली भाषा र देवनागरी लिपीको सट्टा अंग्रेजी भाषा प्रयोग गरिएको विषयले विवाद निम्त्यायो ।

यो विवाद सर्वोच्च अदालतसम्म पुग्यो । तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीको एकल इजलासले इम्बोस्ड नम्बर प्लेट तत्काल प्रयोग नगर्न अन्तरिम आदेश दियो, जसले वितरणमा रोक लगायो । २०७६ मंसिरमा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणासहितको संवैधानिक इजलासले अंग्रेजी भाषा प्रयोगविरुद्धको रिट खारेज गर्‍यो ।

त्यसपछि बागमती प्रदेशमा इम्बोस्ड नम्बर प्लेटको वितरण पुनः सुरु भयो । सम्झौता अनुसार २०७८ जेठ १६ सम्म २५ लाख प्लेट छापिनुपर्ने थियो । पछिल्लो पाँच वर्षको तथ्यांक हेर्दा देशभर करिब ५८ लाख सवारीसाधन रहेकोमा हालसम्म करिब ९० हजार सवारीमा मात्र इम्बोस्ड प्लेट जडान भएको छ, जुन सरकारी लक्ष्यको छेउछाउ पनि पुग्दैन ।

*(स्रोत: अनलाइनखबर)*

# दिव्यसेवा निकेतन ज्येष्ठनागरिक आश्रमस्थलमा प्रेस चौतारीको सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, ९ भदौ/हरितालिका तीजको अवसरमा प्रेस चौतारी मकवानपुरले आश्रयस्थलमा लत्ताकपडा र फलफूल सहयोग गरेको छ ।

शाखाको वार्षिक कार्ययोजनाअन्तर्गत हरितालिका तीजको अवसरमा सोमबार हेटौंडा-१५ स्थित दिव्यसेवा निकेतन ज्येष्ठनागरिक आश्रमस्थलमा लत्ताकपडा र फलफूल सहयोग गरेको हो । प्रेस चौतारीका केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज पुष्पराज अधिकारीको प्रमुख आतिथ्यता एवम् नेकपा एमालेका केन्द्रीय सदस्य केदार न्यौपानेको विशेष आतिथ्यतामा कार्यक्रम भएको हो । आश्रयस्थलकी संरक्षक सुनिता दिदीलाई सहयोग सामग्री हस्तान्तरण गरिएको हो । कार्यक्रममा आश्रयस्थलका संरक्षक रहेका न्यौपानेले आश्रयस्थलको संरक्षण र व्यवस्थापनमा तीनवटै तहको सरकारले ध्यान दिनुपर्ने बताए ।

यस्ता स्थलहरुलाई सभ्यताको पाठशाला बनाउनुपर्ने उनले बताए । कार्यक्रमका प्रमुख अतिथी अधिकारीले निरन्तर सञ्चार कर्ममा रहने सञ्चारकर्मीले यस्तो कार्य गर्नु राम्रो भएको बताए । मकवानपुर शाखाकी अध्यक्ष सरिता दाहालको सभाध्यक्षतामा भएको कार्यक्रममा आश्रयस्थलका अध्यक्ष टिआर निरौला, प्रेस चौतारी बागमती प्रदेशका महासचिव प्रकाश दाहाल, बागमती प्रदेश कमिटी सदस्य एवम् जिल्ला इन्चार्ज विवश अधिकारीलगायतको आतिथ्यता रहेको थियो ।

# सहकारी सञ्चालकको सम्पत्तिबाट बचतकर्ताको रकम फिर्ता गर्नुपर्छः श्रेष्ठ



साझाकुरा संवाददाता

हेटौंडा, ९ भदौ/ बागमती प्रदेशका पूर्व आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले समस्याग्रस्त बनेका सहकारीका सञ्चालकहरुको सम्पत्ति खोजबिन गरेर बचतकर्ताको रकम फिर्ता गर्नुपर्ने बताएका छन् ।

उनले सञ्चालकको सम्पत्ति र सहकारीको भौतिक सम्पत्तिको छानबीन गरेर लगानी डुब्दै गरेका पीडितलाई दिनुपर्ने बताएका हुन् । लगानी डुबेका बचतकर्ताको समस्याप्रति सरकार गम्भीर नभएको उनको भनाइ छ । सोमबार जिल्ला सहकारी संघ लिमिटेड सिन्धुलीको २३ औं वार्षिक साधारणसभा तथा स्थापना दिवसलाई सम्बोधन गर्दै उनले सरकारले सहकारी क्षेत्रलाई संविधानको मर्मअनुरुप प्राथमिकतामा नराखेको कारण सहकारी क्षेत्र कमजोर भएको बताए ।

नेकपा(माओवादी केन्द्र)का सचिव रमेत रहेका उनले संकटग्रस्त सहकारीका हजारौं सदस्यको अर्बौं रुपैयाँ जोखिममा परेको कारण सहकारी संस्थाको विश्वासीयतामा ह्रास आएको बताए । सरकारले संकटग्रस्त सहकारी क्षेत्रलाई पुनः नयाँ जीवन दिएर आमनागरिकमा सहकारीप्रति आशा र भरोसा जगाउनुपर्ने र सहकारी क्षेत्रलाई समाजवाद निर्माणको मेरुदण्ड बनाउनुपर्ने कुरामा जोड दिएका दिए ।

सचिव श्रेष्ठले समाजवाद स्थानीय तहदेखि निर्माण गर्दै गएमात्रै समाजवादको लक्ष्यमा पुग्न सकिने बताए । गाउँको पैसा गाउँमै अड्याउँदै र बाहिरबाट सकेसम्म पैसा भित्र्याउँदै गएपछि मात्रै समाजवाद बन्दै बन्दै जाने उनको भनाइ छ । त्यसका लागि समुदायले आफ्नो ज्ञान, सीप र प्रविधिमार्फत् प्राकृतिक श्रोतको भरपुर उपयोग गर्न पाउनुपर्ने उनले बताए ।

# 'जेरी अन टप'को टिजरमा प्रेम, पीडा र जोशको कथा

काठमाडौं/तिहारको छेको पारेर असोज ३१ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'जेरी अन टप'को टिजर सार्वजनिक गरिएको छ । सोमबार काठमाडौंमा एक कार्यक्रमको आयोजनापछि युट्युबमार्फत सार्वजनिक गरिएको झन्डै २ मिनेट लामो टिजरले फिल्म त्रिकोणात्मक प्रेमकथामा आधारित रहेको खुलासा गर्छ । तीन पात्रबीचको मित्रता, प्रेम, समर्पण, पीडा र जोशको कथा यसमा देखाइएको छ ।

टिजरको सुरुवात सगरमाथाको दृश्यबाट हुन्छ, जहाँ कलाकार शिशिर बाङ्देलको 'भ्वाइस ओभर' सुनिन्छ- 'सगरमाथा चोमोलुङयानिकी माउन्ट एभरेष्ट । हेर्दा जति सुन्दर, त्यति नै क्रूर । त्यहाँ एक गलत कदम, एन इट्स एभर रेस्ट ।' यसैको पृष्ठभूमिमा सगरमाथा चढिरहेका फिल्मका पात्रहरुले भोग्नुपरेको कठिनाइ र दुःखलाई देखाइएको छ ।

सगरमाथाको दृश्यपछि टिजरमा फिल्मका तीन मुख्य पात्र अनमोल केसी, आँचल शर्मा र जसिता गुरुङको सम्बन्धमा आउने उतारचढावलाई प्रस्तुत गरिएको छ । टिजरको अन्त्य फेरि सगरमाथाकै दृश्यबाट हुन्छ, जहाँ अनमोल र जसिता थकित भएर आरोही पोशाकमा हिउँको वर्षाबीच सुतिरहेका देखिन्छन् । टिजरमा फिल्मको मेकिङ र टिमको मिहिनेत प्रष्ट झल्किएको छ ।

'फर्की फर्की'का निर्देशक सुयोग गुरुङको निर्देशनमा बनेको यो फिल्ममा अनमोल, आँचल र जसितासहित भुवन केसी, केदार घिमिरे (माग्ने बुढा), सुरक्षा पन्त, उषा खड्की लगायतको अभिनय छ । अनन्या फिल्म्सको ब्यानरमा सरोज न्यौपानेले फिल्मको निर्माण गरेका हुन् । उनले यसअघि 'सम्बोधन' र 'ग्याङस्टर ब्लूज' बनाएका थिए ।

'जेरी अन टप'को निर्माणमा सरोजलाई रोविन शेरचन, रामकृष्ण श्रेष्ठ र दीपक भण्डारीले सघाएका छन् । फिल्मको कार्यकारी निर्मातामा अनुराधा गिरी र इश्वर श्रेष्ठ रहेका छन् । यसमा कालिप्रसाद बाँस्कोटा, जयन जे वाइबा, जोहन चाम्लिङ राई र व्रिजेश श्रेष्ठको संगीत, विस्वास तिम्सिनाको पटकथा, हेमराज बिसीको कथा तथा दुलिप रेग्मीको छायांकन रहेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# सरकारले पहिलो महिनामै लियो साढे ४४ अर्ब बढी सार्वजनिक ऋण

काठमाडौं/सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो महिना (साउन) मै ४४ अर्ब ५७ करोड रुपैयाँ बराबर सार्वजनिक ऋण लिएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार साउनमा सरकारले ४० अर्ब आन्तरिक ऋण र ४ अर्ब ५७ करोड वाह्य ऋण लिएको हो । यस अवधिमा ३० अर्ब ५५ करोड रुपैयाँ सार्वजनिक ऋण भुक्तानी दिएको छ । यस अनुसार खुद सार्वजनिक ऋण १४ अर्ब २ करोडले थप भएको छ ।

कार्यालयका अनुसार चालु आव पहिलो महिनासम्म जम्मा सार्वजनिक ऋण दायित्व २६ खर्ब ८३ अर्ब ६० करोड पुगेको छ । यो कुल गार्हस्थ उत्पादन (जीडीपी) को तुलनामा ४३.९४ प्रतिशत हाराहारी हो । आन्तरिक ऋण १२ खर्ब ८१ अर्ब पुगेको छ । बाह्य ऋण १४ खर्ब २ अर्बमा उक्लिएको छ । जीडीपीको तुलनामा आन्तरिक र वाह्य ऋण क्रमशः २२.४६ प्रतिशत र २४.५८ प्रतिशत रहेको तथ्यांक छ । असार मसान्तसम्म सार्वजनिक ऋण २६ खर्ब ६९ अर्ब ५७ करोड थियो । विनिमय दरका कारण पहिलो महिना कुनै प्रभाव परेको देखिँदैन ।

### झन्डै ६ खर्ब ऋण लिने लक्ष्य

सरकारले चालु आव ५ खर्ब ९५ अर्ब ६६ करोड रुपैयाँ ऋण लिने लक्ष्य राखेको छ । यसमध्ये आन्तरिक ऋण ३ खर्ब ६२ अर्ब र वाह्य ऋण २ खर्ब ३३ अर्ब उठाउने लक्ष्य छ । साउनसम्म उठाइएको ४४ अर्ब ५७ करोड रकम कुल लक्ष्यको ७.४८ प्रतिशत हो । यसमध्ये पहिलो महिना आन्तरिक ऋण लक्ष्यको ११.०५ प्रतिशत र वाह्य ऋण लक्ष्यको १.९६ प्रतिशत प्राप्ति भइसकेको छ ।

### ऋणको साँवा-ब्याज भुक्तानीमा ४ खर्ब ११ अर्ब खर्च हुने

सरकारले चालु आवमा ४ खर्ब ११ अर्ब १ करोड रुपैयाँ सार्वजनिक ऋण सेवा खर्चमा विनियोजन गरेको छ । साउन मसान्तसम्म ३६ अर्ब ६८ करोड भुक्तानी गरिएको छ । जुन कुल लक्ष्यको ८.९३ प्रतिशत हो । जीडीपीका आधारमा साउनसम्म कुल ऋण सेवा खर्च ०.६ प्रतिशत भएको छ । साउनमा आन्तरिक ऋणको साँवा भुक्तानीमा २७ अर्ब १० करोड र ब्याज भुक्तानीमा ५ अर्ब १३ करोड खर्च भएको छ । वाह्य ऋणको साँवा भुक्तानी ३ अर्ब ३४ करोड र ब्याज भुक्तानी ९९ करोड रुपैयाँ भएको छ । यसरी साउनसम्म कुल साँवा खर्च ३० अर्ब ५५ करोड र ब्याज खर्च ६ अर्ब १३ करोड भएको हो ।

### प्रतिव्यक्ति ऋणभार ९२ हजार १५ रुपैयाँ

सार्वजनिक ऋणलाई प्रतिव्यक्ति ऋणभारमा हेर्दा ९२ हजार १५ रुपैयाँ पुग्ने देखिएको छ । कुल सार्वजनिक ऋणलाई २०७८ सालको जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ ले भाग लगाउँदा उक्त ऋणभार पुग्ने देखिएको हो । असार मसान्तसम्म प्रतिव्यक्ति ऋणभार ९१ हजार ५ सय ३४ रुपैयाँ थियो । नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार नेपालमा आव २०७३/७४ देखि २०८०/८१ बीचमा सार्वजनिक ऋण वृद्धिदर औसत १९ प्रतिशत रहेको देखिन्छ । यस अवधिमा आन्तरिक ऋण वृद्धिदर २२.९ प्रतिशत छ । वाह्य ऋण वृद्धिदर भने औसत १६.२ प्रतिशत छ । २०७६/७७ को एक वर्षमा मात्र ऋण ३६.७ प्रतिशतले बढेको थियो । आव २०७३/७४ मा सार्वजनिक ऋण जीडीपीको २२.७ प्रतिशत रहेकोमा २०८१/८२ सम्म ४३.७१ प्रतिशत पुगेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# शिक्षा विद्येयकमा असहमति, प्याब्सनको प्रदर्शन, शिक्षक आन्दोलनमा

साझाकुरा संवाददाता

हेटौंडा, ९ भदौ/ विद्यालय शिक्षा विधेयकका केही प्रावधानप्रति असहमति जनाउँदै निजी विद्यालय सञ्चालकहरुले सोमबार हेटौंडामा शान्तिपूर्ण विरोध प्रदर्शन गरेका छन् ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) मकवानपुरको आयोजनामा भएको कार्यक्रममा प्याब्सन, एनप्याब्सन, हिसान, अपेनलगायत निजी विद्यालयका छाता संगठनको सहभागिता थियो । मानसचोकस्थित प्याब्सन कार्यालयबाट सुरु भएको र्‍याली संगमचोक, बुद्धचोक, सीमाचोक हुँदै बागमती प्रदेशसभा भवन अगाडि पुगेर कोणसभामा परिणत भएको थियो । कोणसभालाई सम्बोधन गर्दै प्याब्सन केन्द्रीय उपाध्यक्ष आशीष श्रेष्ठले अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५ सालमै बने पनि सरकारले त्यसलाई कार्यान्वयन गर्न नसकेको आरोप लगाएका छन् ।

उनले विगतमा निजी विद्यालयले प्रदान गर्दै आएको १० प्रतिशत छात्रवृत्तिलाई निरन्तरता दिन तयार रहेको स्पष्ट पार्दै सरकारले विद्यालयलाई लक्षित गरेर दमनकारी प्रावधान ल्याउन लागेको भन्दै आपत्ति जनाए । 'कुनै न कुनै तरिकले निजी विद्यालयलाई




हतोत्साहित गर्ने तरिकाले सरकारले ऐन ल्याउन खोजे पनि त्यो सफल हुन सक्दैन' उनले बताए । माग सम्बोधन नभए विरोधस्वरुप विद्यालय नै बन्द गर्ने समेत उनले चेतावनी दिए ।

त्यस्तै, प्याब्सन बागमती प्रदेश उपाध्यक्ष इन्दिरा पन्त कार्कीले मेहनतका साथ स्थापित निजी विद्यालयमाथि राज्यको नजर परेको भन्दै आपत्ति जनाइन । गुणस्तरीय शिक्षा प्रदान गरिरहेका निजी विद्यालयलाई मास्ने अभिप्राय सरकारको रहेको उनले आरोप लगाइन् । यस्तै, प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले संस्थागत विद्यालयहरु राष्ट्रका लागि अपरिहार्य भएपनि राज्यले तिनको योगदानको अवमूल्यन गर्न खोजेको धारणा राख । सरकारले ल्याउन लागेको विद्यालय शिक्षा ऐनले निजी विद्यालयलाई बन्द गर्ने उद्देश्य राखेको उनको तर्क थियो ।

विधेयकमा उल्लेखित पूर्णछात्रवृत्तिको व्यवस्था, निजी विद्यालयलाई गैरनाफामूलक बनाउने प्रावधान हटाउनुपर्ने लगायत पाँच बुँदे मागका बारेमा सुवेदीले जानकारी गराए । प्याब्सन मकवानपुरका सल्लाहकार अधिवक्ता मदन दाहालले सरकारी विद्यालयमा जत्तिकै लगानी निजी विद्यालयका विद्यार्थीलाई गर्ने हो भने छात्रवृत्तिका लागि आफूहरु तयार रहेको बताए । विद्यालय शिक्षा विधेयकसम्बन्धी प्रतिवेदन संसदीय समितिबाट पारित भई प्रतिनिधिसभामा पेश भइसकेको छ ।

**नेपाल शिक्षक महासंघको आन्दोलन सुरु**

विधेयकबारे असहमति जनाउँदै नेपाल शिक्षक महासंघको आन्दोलन सोमबारदेखि सुरु भएको छ । प्रधानमन्त्री, शिक्षामन्त्री र राजनीतिक दलका प्रमुखसचेतकलाई ध्यानाकर्षणपत्र बुझाएर आन्दोलन सुरु गरेको महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले जानकारी दिएका छन् ।

विधेयकले शिक्षकहरुको सेवासुविधा, स्थायित्व र अधिकारलाई कमजोर बनाएको महासंघको आरोप छ । गएको वैशाखमा एक महिनासम्म चलेको आन्दोलन ९ बुँदे सहमतिपछि स्थगित भएको थियो । तर, भदौ ६ गते प्रतिनिधिसभामा पेश भएको विधेयकमा ती सहमति कार्यान्वयन नभएकोले महासंघ पुन: आन्दोलनमा जानुपरेको अध्यक्ष सुवेदीले बताए । महासंघले अस्थायी शिक्षकका लागि ७५ प्रतिशत आन्तरिक र २५ प्रतिशत खुला पदपूर्तिको व्यवस्था गर्न, आवधिक बढुवा, म्याद सकिएको अध्यापन अनुमतिपत्रको नवीकरण, विद्यालय कर्मचारीको तलब र पद, बालकक्षा शिक्षकको सेवा, संस्थागत विद्यालयका शिक्षकको सुरक्षा, द्वन्द्वपीडित शिक्षकको उपदान र शिक्षक दरबन्दी पालिकामा हस्तान्तरण नगर्न माग गरेको छ ।

अध्यक्ष सुवेदीले पहिलो चरणमा माग पूरा नभए भदौ २१ गतेदेखि दोस्रो चरणको आन्दोलन सुरु गर्ने र माग पूरा नभएसम्म सडकबाट नफर्कने चेतावनी दिएका छन् ।

# मुख्यमन्त्री बानियाँलाई चेपाङ संघको ९ बुँदे ज्ञापनपत्र



साझाकुरा संवाददाता

हेटौंडा, ९ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई नेपाल चेपाङ संघ मकवानपुरले ज्ञापनपत्र बुझाएको छ । चेपाङ समुदायको आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकारबारे ध्यानकर्षण गराउँदै ९ बुँदे ज्ञापनपत्र बुझाइएको हो ।

सोमबार चेपाङ संघका जिल्ला अध्यक्ष महेशकुमार चेपाङको नेतृत्वको टोलीले मुख्यमन्त्री बानियाँलाई ज्ञापनपत्र बुझाएको हो । ज्ञापनपत्रमार्फत् मकवानपुर, चितवन, धादिङ र गोरखामा ८० हजार भन्दा बढी चेपाङ जनसंख्या रहेको उल्लेख गर्दै समग्र चेपाङ समुदायको राजनीति तथा समाजिक अधिकार सुनिश्चितताका लागि मुख्यमन्त्री बानियाँलाई आग्रह गरेका हुन् । 'चेपाङ स्वायत्त, विशेष वा संरक्षित क्षेत्र' घोषणाको प्रक्रिया अघि बढाउन माग गरेको छ । बागमती प्रदेश सरकारको ध्यानाकर्षण गराउँदै संघले नेपालको संविधानले व्यवस्था गरेबमोजिम चेपाङ स्वायत्त, विशेष वा संरक्षित क्षेत्र घोषणाको प्रक्रिया अघि बढाउन माग गरेको हो ।

नेपालको संविधानको धारा ५६ (५) बमोजिम चेपाङ समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक स्तरोन्नतिका लागि 'चेपाङ स्वायत्त, विशेष वा संरक्षित क्षेत्र' घोषणा गर्न सम्भाव्यता अध्ययन गरी नीतिगत व्यवस्था गर्न माग गरिएको हो । गोरखा, धादिङ, चितवन र मकवानपुरका सीमान्तकृत चेपाङको जीवनस्तरमा ठोस सुधार ल्याउन प्रदेश सरकारले नीतिगत पहल गर्नुपर्नेमा संघले जोड दिएको छ । चेपाङ समुदायको समग्र विकास र अधिकार सुनिश्चितताका लागि शिक्षामा पहुँच वृद्धि गर्नुपर्ने उनीहरुको माग छ । २०३४ मा सुरुभई केही वर्षअघि मात्र खारेज गरिएको चेपाङ विकास कार्यक्रम पुन:स्थापना नहुँदा समुदायको विकास प्रक्रियामा अवरोध आएको माग पत्रमा भनिएको छ । कार्यक्रमलाई थप परिमार्जनसहित बजेट विनियोजन गर्न माग गरिएको छ ।

शिक्षाको पहुँचबाट टाढा रहेका चेपाङ बालबालिकाको भविष्य सुनिश्चित गर्न वार्षिक कम्तिमा १० जना विद्यार्थीलाई सूचना प्रविधि, कृषि, वन विज्ञान र कानुन जस्ता विषयमा नि:शुल्क प्राविधिक शिक्षाको व्यवस्था गर्न र विद्यालय बाहिर रहेकाहरुका लागि बालविकास कक्षा सञ्चालन गर्न अनुरोध गरिएको छ । त्यसैगरी, समुदायको जीविकोपार्जनसँग जोडिएको परम्परागत भूमि अधिकारको सवाललाई पनि संघले माग गरेको छ । परम्परागतरुपमा भोगचलन गर्दै आएको तर, पछि सरकारीकरण गरिएको जमिन फिर्ता गरी समुदायको अपनत्व स्थापित गर्न उनीहरुले माग गरेका छन् । उमेर पुगेका तर, नेपाली नागरिकताविहीन चेपाङलाई नागरिकता दिलाउन उचित पहल गर्न संघले माग गरेको छ ।

# बाघझोराको दीर्घकालीन समाधानका लागि सांसद बतौलाको पहल



साझाकुरा संवाददाता

हेटौंडा, ९ भदौ/ मकवानपुर क्षेत्र नम्बर-२ का सांसद महेशकुमार बतौलाले त्रिभुवन राजमार्गअन्तर्गत हेटौंडा-भैसे सडक खण्डमा पर्ने बाघझोराको बारम्बारको समस्या समाधानका लागि पहल गरेका छन् ।

सोमबार उनले भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवन्द्र दाहाल र मन्त्रालयका सचिव केशवकुमार शर्मालाई भेटी ज्ञापनपत्र बुझाउँदै बाघझोराले निम्त्याइरहने सडक अवरोधको दीर्घकालीन समाधान तत्काल खोज्न आग्रह गरेका हुन् । बाघझोरामा आउने खहरे बाढीले बारम्बार सडक अवरुद्ध गर्ने भएकाले अब स्थायी समाधान खोजिनुपर्ने भन्दै उनले ओभरपास वा अण्डरपास कुन उपयुक्त हुन्छ भन्ने विषयमा तत्काल प्राविधिक अध्ययन सुरु गर्न मन्त्री दाहाल र सचिव शर्मासँग विशेष आग्रह गरेका थिए ।

उनका अनुसार मन्त्री दाहालले समस्या समाधानलाई मन्त्रालयले उच्चप्राथमिकतामा लिने प्रतिबद्धता व्यक्त गर्दै अध्ययन प्रक्रियालाई अगाडि बढाउन सचिवलाई निर्देशन दिएका छन् । 'यो केवल मकवानपुरबासीको मात्र नभई त्रिभुवन राजमार्ग भएर देशका विभिन्न भागमा यात्रा गर्ने सम्पूर्ण यात्रुको साझा समस्या हो,' सांसद बतौलाले भने, 'थोरै वर्षा हुँदा समेत खहरे बाढीले घण्टौं सडक बन्द हुने समस्या अब दीर्घकालीन रुपमा अन्त्य हुनुपर्छ ।' हालै केही दिनअघि पनि बाघझोरामा आएको बाढीका कारण सयौं सवारीसाधन अवरुद्ध भएर हजारौं यात्रुले सडकमै रात बिताउनुपर्ने अवस्था सिर्जना भएको थियो ।

स्थानीयबासी र यात्रुले पटक-पटक सरोकारवाला निकायलाई जानकारी दिँदै आएपनि स्थायी समाधानका लागि ठोस पहल नभएको भन्दै गुनासो गर्दै आएका छन् । सांसद बतौलाले ज्ञापनपत्रमार्फत मन्त्री दाहाललाई अविलम्ब मातहतका निकायलाई निर्देशन दिई प्राविधिक अध्ययन र आवश्यक संरचना निर्माणको प्रक्रिया अघि बढाउन आग्रह गरेका छन् ।

# महासंघद्वारा इम्बोस्ड नम्बर जडान नगर्न अपिल

साझाकुरा संवाददाता

हेटौंडा, ९ भदौ/ सार्वजनिक यातायात केन्द्रीय महासंघ नेपालले सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट जडान नगर्न सार्वजनिक रुपमै अपिल गरेको छ ।

महासंघले सोमबार एक विज्ञप्ती जारी गर्दै अव्यावहारिक विषयहरु संशोधन नगरेसम्म सार्वजनिक, निजी, ढुवानीका सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान नगर्न आह्वान गरेको हो । 'सरकार, प्रत्यक्ष सरोकारवाला पक्षहरु बीचको छलफल संवादबीच देखिएका अव्यावहारिक विषयको संशोधन सुधारविना सार्वजनिक, पर्यटन र ढुवानी, निजी प्राइभेट सम्पूर्ण यातायात क्षेत्रको तर्फबाट इम्बोस्ड नम्बर प्लेट जडान नगर्नुहुन सबैमा हार्दिक अनुरोध छ,' महासंघले विज्ञप्तीमा भनेको छ ।

महासंघले सरकारले जबरजस्ती इम्बोस्ड जडान गर्न खोजे विरोध गर्ने चेतावनी दिएको छ । त्यसबाट उपज हुने थप गतिविधिप्रति मन्त्रालय मातहतका निकाय नै जिम्मेवार हुने महासंघले चेतावनी दिएको छ । अहिलेकै अवस्थामा इम्बोस्ड जडान गर्दा नेपाली भाषाको देवनागरी लिपि लोप हुने, आवश्यक पूर्वाधारविना नै नागरिक र सिंगो यातायात व्यवसायमा आर्थिक भार हुने गरी एकपक्षीयरुपमा निर्णय गरेको महासंघले बताएको छ । सोही कारण नेपालीको सम्पूर्ण विवरण विदेशीको नियन्त्रणमा रहने र राष्ट्र नै कमजोर हुने महासंघको ठहर छ ।

जुनसुकै देशको पनि आफ्नै मौलिकता हुन्छ र त्यो मौलिकताको संरक्षण गरिन्छ । तर, नेपालमा भने नेपाली मौलिकता र हाम्रो आफ्नो पहिचान गुम्ने गरी सरकारले विदेशी मुलुकको नक्कल गर्नु राष्ट्रहित बिपरित रहेको भन्दै सामाजिक संजालहरुमा पनि इम्बोस्ड नम्बर राख्न सरकारलै गरेको घोषणाको तीब्र बिरोध भइरहेको छ । बागमती प्रदेशमा असोज १ देखि सरकारले ईम्बोस्ड नम्बर अनिवार्य गर्ने सूचना जारी गरेको छ ।

# मुख्यमन्त्री बानियाँले बनाउने भए मनहरीकी मिठुमायाको घर

साझाकुरा संवाददाता

हेटौंडा, ९ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले व्यक्तिगत खर्चमा मनहरी गाउँपालिका-९ कि एक विपन्न दलित एकल महिलाको घर निर्माण गरिदिने भएका छन् ।

मनहरी-९ कि मिठुमाया सुनारको घर निर्माणका लागि मुख्यमन्त्री बानियाँले सोमबार मनहरी गाउँपालिकामार्फत् २ लाख रुपैयाँको चेक हस्तान्तरण गरेका हुन् ।

मिठुमायाको श्रीमान्को ५ वर्षअघि नै मृत्यु भएको र निजको एक छोरा संगम सुनारसमेत अपाङ्ग रहेको र थोत्रिएको घर बनाउन नसक्दा समस्यामा रहेको भनी स्थानीय समाजसेवीको सिफारिसमा मनहरी गाउँपालिकाले घर निर्माणका लागि सिफारिस गरेको थियो ।

मुख्यमन्त्रीको सेवा सुविधाबाट प्राप्त हुने रकमबाट आफ्नो क्षेत्रका विपन्नको घर बनाइदिने यसअघि नै घोषणा गरेका बानियाँले आफूले पाउने सेवासुविधाबाट खर्च हुने गरी एकल महिलाको घर निर्माण गर्न रकम सहयोग गरेको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ ।

मनहरीका समाजसेवी प्रकाश वर्तौला, मकवानपुर उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समितिका अध्यक्ष गणेश मानन्धरलगायतको रोहोबरमा वडा कार्यालय र मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले महिलाको घर निर्माण गरिदिन गाउँपालिकामार्फत् मुख्यमन्त्री बानियाँलाई अनुरोध गरेका थिए ।

सोमबार मुख्यमन्त्री बानियाँले गाउँपालिका अध्यक्ष कालाखेती, मनहरी-९ का वडाध्यक्ष राजकुमार श्रेष्ठ, ६ नम्बर वडाध्यक्ष यादव थपलियालगायतको उपस्थितिमा २ लाख रुपैयाँको चेक हस्तान्तरण गरेका थिए । यो रकमबाट मिठुमायाको २ वटा कोठा, एउटा भान्छासहित ट्वाइलेट बाथरुम निर्माण गरिने योजना बनाइएको छ ।

# अछामदेखि अर्घाखाँचीसम्मका ११ वटा निर्माण कम्पनी कालोसूचीमा

साझाकुरा संवाददाता

हेटौंडा, ९ भदौ/समयमै काम नगर्ने अछामदेखि अर्घाखाँचीसम्मका ११ ओटा निर्माण कम्पनीलाई सरकारले कालोसूचीमा राखेको छ ।

प्रधानमन्त्री कार्यालय मातहतको सार्वजनिक खरिद अनुगमन कार्यालयले सोमबार सार्वजनिक सूचना जारी गर्दै बाँकेको शुभ आर एस बिल्डर्स सप्लायर्स, अछामको नवीन निर्माण सेवा, सुर्खेतको जेएमसी कन्स्ट्रक्सन प्रालि र काठमाडौंको कास्यम निर्माण सेवा एण्ड सप्लायर्सलाई कालोसूचीमा राखेको हो । उदयपुरको विशाल होम निर्माण सेवा, बूढानीलकण्ठ काठमाडौंको जलेश्वरी महादेव यासवि कन्स्ट्रक्सन, मोरङको सगुन फेब्रिक्स प्रालि, काठमाडौंको ग्यालेक्सी कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनी प्रालि, जालपा निर्माण सेवा एण्ड सप्लायर्स, डोल्पाको मष्टा भवानी निर्माण सेवा र अर्घाखाँचीको शहीद निर्माण सेवा पनि कालोसूचीमा राखिएको छ ।

सार्वजनिक खरिद अनुगमन कार्यालयले कास्यप निर्माण सेवा एण्ड सप्लायर्स दुई वर्षका लागि, मष्टा भवानी निर्माण सेवा डेढ वर्षका लागि र अन्य सबैलाई एक वर्षका लागि कालोसूचीमा राखेको जनाएको छ । ती कम्पनीलाई कालोसूचीमा राख्न पूर्वाधार विकास कार्यालय ओखलढुंगा, लिसंखुपाखर गाउँपालिका सिन्धुपाल्चोक, जिरी नगरपालिकाको कार्यालय दोलखा, कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रबर्द्धन केन्द्र, हरिहरभवन, गुर्भाकोट नगरपालिका कार्यालय सुर्खेत, सडक डिभिजन, सुर्खेत, सोलुदूधकुण्ड नगर पालिका कार्यालय सोलुखुम्बु, नेपाल स्टक एक्सचेन्ज लिमिटेड काठमाडौं, छार्काताङ्सोङ गाउँपालिका कार्यालय डोल्पा र सडक डिभिजन कपिलवस्तुले सिफारिस गरेका थिए । कालोसूचीमा परेका कम्पनीहरुले कालोसूचीमा परेको अवधिभर सार्वजनिक निकायका कुनैपनि खरिद प्रक्रियामा भाग लिन पाउँदैनन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

## झाडापखाला तथा हैजा रोगसम्बन्धी सतर्कताका लागि

## जनहितमा जारी सूचना !

हालका दिनमा देशका विभिन्न स्थान लगायत मकवानपुर जिल्लाको छिमेकी जिल्ला, मधेश प्रदेशको पर्सा जिल्लाको विरगंज महानगरपालिका क्षेत्रमा फैलिएको खानेपानी जन्य रोग झाडापखाला हैजाको महामारीको रुपमा फैलिएको अबस्था सार्वजानिक संचार माध्यम मार्फत सम्प्रेषित भैरहेको र उक्त क्षेत्र यस पालिकासँग सीमाना जोडिएको कारण यस क्षेत्रमा समेत उक्त रोगको माहामारी फैलिन सक्ने प्रवल सम्भावना देखिएकोले रोग फैलिन सक्ने जोखिम कम गर्न देहाय अनुसार सर्तकता अपनाउन र बिबिध माध्यमवाट जनचेतना अभिवृद्दि गर्न, गराउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

**तपसिल**

- सरोकारवालाले खानेपानीका मूल श्रोत क्षेत्रको सरसफाइ नियमित र प्रभाबकारी ढंगले गर्ने गराउने । खानेपानी भण्डार र प्रसारण, वितरण गर्ने क्षेत्रको जोखिम कम गर्न प्रयास गर्ने गराउने । खानेपानीका सबै उपभोक्ताहरुले पानी उमालेर मात्र पिउने ।
- खानेपानीलाई यस पालिकामा रहेको खाध्य प्रयोगशालाबाट वा पायक पर्ने स्थानबाट नियमित जाँच गर्ने ब्यबस्था मिलाउने र समस्या भएमा आवश्यक व्यबस्थापन मिलाउने ।
- हात धुने, व्याक्तिगत सरसफाइ, घर वरपरको सरसफाइ तथा खानेपानीको सरसफाइमा विशेष ध्यान पुर्याउने ।
- खानेकुरालाई राम्रोसंग पकाएर मात्र खाने गर्ने ।
- काँचो खाईने खानेकुरा, फलफूललाई शुद्द पानीले सफा गरी प्रयोग गर्ने ।
- पिउने पानी अनिवार्य रुपमा उमालेको वा पूर्ण रुपमा सुरक्षित पानी मात्र प्रयोग गर्ने गराउने ।

**हेटौंडा उपमहानगरपलिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हेटौंडा, मकवानपुर**

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना